Received Date: Oct. 2023 Revised: Nov. 2023 Accepted: Dec. 2023

# नेपालको आर्थिक विकास होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६

**प्रा.डा. गोविन्दमानसिंह कार्की**
प्राध्यापक, त्रिचन्द्र कलेज, घण्टाघर
Email: govindamskarki@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v9i1.64010*

**सार संक्षेप**

*सन् १९८८ देखि आधिकारिक रूपले प्रयोगमा आएको होमस्टेको पर्यटन आज विश्वका विभिन्न राष्ट्रहरूमा अनेकौ तरिकाबाट आर्थिक तथा सामाजिक रुपान्तरण गर्ने महत्त्वपूर्ण अभियानका रूपमा सञ्चालन हुँदै आएको छ । प्रत्येक राष्ट्रको पर्यटन क्षेत्रको एउटा नयां अभ्यासका रूपमा बदलिंदो विश्व पर्यटनसँगै होमस्टेको प्रयोग भएको छ । विकसित राष्ट्रहरूमा होमस्टेलाई एक महत्त्वपूर्ण लगानी र आयआर्जन गर्ने व्यापारका रूपमा उपयोग गरिएको छ भने विकासोन्मुख राष्ट्रहरूमा यसको प्रयोग उत्पादन र रोजगारीको विषयमा विशेष जोड दिइएको पाइन्छ । विकसित राष्ट्रहरू अमेरिका, युरोप, अस्ट्रेलिया, क्यानडा आदिले होमस्टेमा ठूलो लगानी गर्दै यसलाई उच्च आर्थिक आयको औजार तथा व्यापार र मनोरञ्जनका रूपमा लिएका छन् । उनीहरूले बाल्य वातावरणीय आकर्षणको अतिरिक्त आन्तरिक र भित्री सेवा सुविधामा विशेष जोड दिदै पर्यटकको पहिचान र उद्देश्य बुझेर सोही सेवा सुविधाहरू प्रदान गर्दै आएका छन् । उनीहरूले मनोरञ्जनको रूपमा खाने, बस्ने, अध्ययन गर्ने, खेल्ने, योगा गर्ने, क्षमताको विकास गर्ने, तालिम प्रदान गर्ने आदि सुविधाहरूमा पर्यटकहरूको ध्यान आकर्षित गर्दछन् ।*

*नेपालको आर्थिक तथा सामाजिक समुन्नति र विकासका लागि पर्यटन उद्योगसँग सम्बन्धित ग्रामीण विकासको प्राथमिकतायुक्त कार्यक्रमको जल्दोबल्दो रूपमा होमस्टेलाई लिन सकिन्छ । यो घरवास कार्यक्रमले ग्रामीण क्षेत्रको आर्थिक विकास, रोजगारीको सिर्जना, कला र संस्कृतिको संरक्षण, स्थानीय क्षेत्रको प्रचार-प्रसार गर्नुको साथै ग्रामीण पूर्वाधारको विकासमा महत्त्वपूर्ण सहयोग पऱ्याउन सक्दछ । होमस्टे कार्यक्रमबाट ग्रामीण जनताको व्यवसायमा वृद्धि, सीपमूलक उत्पादन, सामूहिक एकता र चेतनाको अभिवृद्धि गराउदै यसबाट स्थानीय उत्पादकत्वलाई विशेष प्राथमिकता दिएर शैक्षिक परिवर्तन र सामाजिक उत्थानको अध्ययन अनुसन्धान गर्न सकिन्छ । नेपाल ग्रामीण क्षेत्रले भरिपूर्ण तथा प्राकृतिक तथा भौगोलिक सौन्दर्यता र हिमताजले सिंगारिएको देश भएकाले यहां होमस्टे कार्यक्रम सफलताका साथ सञ्चालन र विकास भएर देशको समग्र अर्थतन्त्रको उत्थानमा मद्धत पुग्न सक्ने आशा गर्न सकिन्छ ।*

**शब्दकुञ्जी** : होमस्टेको आवश्यकता, पर्यटकहरूको आकर्षण, अर्थतन्त्रको आधार र समृद्धिको जग ।

## सामान्य परिचय

नेपालको हिमाली क्षेत्र त पर्यटकहरूले रुचाएकै रुचाएकै भू-भाग हो । पहाडी र तराई क्षेत्र पनि प्राकृतिक सौन्दर्यताले भरिपूर्ण छ । यसको अतिरिक्त उपत्यका, टार वेशी, खोंच, भञ्ज्याङ्ग, डाँडाकाँडा, समथर जुनसुकै क्षेत्र पर्यटकहरूको लागि उर्वर भूमि मानिन्छ । पर्यटकीय व्यवसायहरू सञ्चालन गर्नका लागि यहाँका हिमाल, नदीनाला, तालतलैया जमिन, निकुञ्ज, वन्यजन्तु आरक्षण क्षेत्रहरू पर्यटकहरूको लागि मनमोहक छन् । नेपालको तराई, पहाड र हिमालका गाउँगाउँसम्म क्षेत्रीय र समानुपातिक विकास र अधिक जनसहभागितामूलक उपयोगी र प्रभावकारी ढङ्गले -४ प्रतिफल दिनसक्ने व्यवसायको रूपमा ग्रामीण क्षेत्रको होमस्टे पर्यटन व्यवसाय देखापरेको छ होमस्टे पर्यटनको वृद्धिले नेपालको अर्थतन्त्रलाई कम लगानीमा दरो र निरन्तर सहयोग पुर्याउन सक्ने प्रवल सम्भावना छ ।

पर्यटनसँग सम्बन्धित प्रतिनिधिमूलक संघसंस्थाहरू र पर्यटन व्यवसायीहरूको काँधमा होमस्टे व्यवसायलाई दिगो, गुणस्तरीय र लक्ष्य निर्धारित पर्यटनका रूपमा विकास गर्नुपर्ने दायित्व सिर्जना भएको छ । यसमा नेपाल सरकारले योजनावद्ध रूपमा ग्रामीण क्षेत्रमा होमस्टेको अवधारणाको विकास गर्दै यसको प्रचुर सम्भावनाको खोजी गर्नुपर्ने बेला आएको छ । बढ्दै विकसित हुदै गएको नेपालको ग्रामीण क्षेत्रको होमस्टे पर्यटनमा नेपाल सरकारको निर्देशन र सहयोगी भूमिका मात्र नभएर सरकारी पक्षबाट यसको व्यवस्थापन र नीति नियमहरूको व्यवस्थापन हुनु जरुरी छ । पर्यटन मन्त्रालय तथा पर्यटन विकास विभागको ठोस नीति र कार्यक्रमहरू होमस्टे पर्यटनमा देखापरेको खण्डमा नेपाली ग्रामीण क्षेत्रको विकासमा होमस्टे कार्यक्रमले प्रभावकारी भूमिका निर्वाह गर्नसक्छ र होमस्टेको विकाससँगै नेपालको अर्थतन्त्रमा यस व्यवसायले पर्यटन क्षेत्रको विकासमा उल्लेखनीय भूमिका निर्वाह गर्न सक्तछ (विभाग, २०७५ : १२२) ।

यो होमस्टे कार्यक्रम आर्थिक कारोवारबाट सञ्चालन हुने भएकाले यसका सेवाग्राहीहरूमा पर्यटनसम्बन्धी ज्ञान हुनु पर्दछ । पर्यटकीय ज्ञानको अभावमा केही निहित स्वार्थ र अवैज्ञानिक सोचको चङ्गुलमा होमस्टेको कार्यक्रम फस्न पुग्यो भने यसले सामाजिक संरचनामा अकल्पनीय समस्या ल्याउन सक्छ र समाजले त्यसबाट पार पाउन विकराल समस्या भोग्नु पर्दछ । तसर्थ होमस्टे कार्यक्रम नितान्त ग्रामीण क्षेत्रको विकास कार्यक्रम भएकाले यसको संरचनामा परम्परागत संस्कृति, नृत्य, झाँकी, भेषभूषा, कला, पौरखको समुचित र व्यवस्थित प्रदर्शन हुनु पर्दछ । पाहुना सत्कारको लागि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने हुदा 'अतिथि देवो भव' को मूल्य र मान्यतालाई ख्याल गर्नु पर्दछ । होमस्टे पर्यटनलाई कार्यमूलक बनाउनुभन्दा अगाडि स्थानीय समाज र स्थानको विश्लेषण गर्नु जरुरी हुन्छ । होमस्टे पूर्वाधारको विद्यमान स्वरूप, धर्म-सस्कृति, स्थानीय सामाजिक सरचना, चेतनाको स्तरसहित नियमित र व्यवस्थित गराउने उद्देश्यको पहिचान हुनुपर्दछ ।

होमस्टेको व्यवसायले ग्रामीण क्षेत्रको आर्थिक, सामाजिक र सांस्कृक्तिक पहिचानको प्रवर्द्धनका निम्ति निकै ठूलो मद्दत पुर्याउन सक्तछ । जहां जहाँका ग्रामीण क्षेत्रमा होमस्टे पर्यटन चलेको छ, त्यहाँ त्यहाँका गाउँहरूमा स्थानीय जनताको आर्थिक क्रियाकलाप अभिवृद्धि भएर उनीहरूको आर्थिक आर्जनको क्षेत्रमा निकै ठूलो योगदान पुग्न गएको छ र त्योसँगै मौलिक सांस्कृतिक धरोहरहरूको संरक्षण र प्रवर्द्धनमा योगदान पुग्न गएको छ । हाम्रो छिमेकी राष्ट्र चीनले होमस्टेको क्षेत्रमा दुईवटा अवधारणालाई एकैचोटि विकास गर्दै लगेको छ । त्यो हो एउटा परम्परागत होमस्टे र अर्को आधुनिक होमस्टे । परम्परागत होमस्टेको रूपमा विगतको चिनिया सभ्यता र संस्कृति झल्कने खालका कला, संस्कृति, रीतिविरवाज संस्कार आदि पक्षलाई उजागर गरिएको छ भने आधुनिक प्रकारका होमस्टे सुविधा सम्पन्न पर्यटन व्यवसायको रूपमा सञ्चालन गरिएको छ ।

## अध्ययन विधि र महत्त्व

अनुसन्धान प्रक्रिया निरन्तर लगातारिताको रुपमा चल्ने प्रक्रिया हो । यसका पनि पद्धतिगत ढाँचाहरू अवधारणाहरू र विधिगत तौरतरिका प्रचलित छन् । अहिले वर्तमान सन्दर्भमा प्रचलित भएका सर्वमान्य विधिलाई अंगिकार गरेर प्रस्तुत विषयको अनुसन्धान कार्य अगाडि बढाइएको छ । प्रस्तुत शीर्षकका सम्बन्धमा प्राप्त भएका कृति, लेख र रचनाहरु र अप्रकाशित सुचनाका स्रोत तथा सामग्रीहरुलाई दृष्टिगत गरेर त्यसमा प्राप्त भएको सूचना मूलक तथ्यहरूको सम्परिक्षण गर्दै यथार्थता प्रकट भएका त्यस्ता सन्दर्भहरूलाई ग्रहण गरेर यो आलेख तयार पारिएको छ । कतिपय स्रोतहरू सहायक सामग्रीमा आधारित छन् भने कतिपय सूचनाहरू अप्रकाशित लेख रचना शोध ग्रन्थ र प्रबन्धहरू समेतलाई अध्ययन गरेर त्यसबाट प्राप्त नतिजाहरू अंगिकार गरि यसमा ती सूचनाहरू प्रयुक्त भएका छन् आलेखलाई तथ्यपरक र वस्तुनिष्ठ तुल्याउने शिलशिलामा प्रचलित विधिहरूको प्रयोग पनि गरिएको छ । केही कार्यपत्रहरू अप्रकाशित रहेपनि शीर्षकसँग समन्वय भाव व्यक्त भएका ती दस्तावेजहरूलाई प्राथमिकताका साथ ग्रहण गरिएको छ । राष्ट्रिय गोष्ठीमा प्रस्तुत भएका कार्यपत्ररूका सूचनामूलक तथ्यहरूलाई समेत यसमा प्राथमिकता प्रदान गरिएको छ ।

### नेपालमा होमस्टेको अवस्था

नेपालमा होमस्टेको अवधारणा र परम्परा पुरानै हो । हाल कट्ट सुन्दा होमस्टे नयां शब्द जस्तो लागे पनि मूल व्यवस्थापन चाहिँ व्यावसायीकरण हो । नेपाली परम्परामा पाहुनालाई 'अतिथि देवोभवः' मानेर आफूसँग नभएको खानेकुराहरू पनि खोजी खोजी रोजी रोजी पाहुनालाई खुवाएर खुशी बनाउने गरिन्थ्यो भने आज होमस्टेमा निर्धारण गरिएको सेवा सुविधामा पाहुनाहरूले खर्च गरेको आधारमा सेवा सुविधा उपलब्ध गराएर उनीहरूको मन जितेर पुनः पाहुनाको रूपमा पल्काउने कोशिस गर्दछौ । नेपालमा कानुनी तरिकाले विधिवत रूपमा होमस्टेको सुरुवात नगरिए पनि वि.स. २०५५/५६ सालदेखि नै नेपालका ग्रामीण क्षेत्रमा त्यहाँका समुदायको सक्रियतामा यस्तै कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ । नेपालका शहरी क्षेत्रमा र धार्मिक स्थलहरूमा पनि व्यक्ति विशेषले होमस्टेको पद्धतिलाई कुनै न कुनै रूपमा सञ्चालन गर्दैरहेका थिए । अन्नपूर्ण संरक्षण क्षेत्रको बाटोमा पर्ने घान्दुक विदेशीको मुख्य वासस्थान रहन गएको दृष्टिबाट होमस्टेको सुरुवात क्षेत्र घान्दुक हो भने प्रत्यक्ष रूपमा होमस्टे पर्यटन व्यवसायको सुरुवात तथा ग्रामीण पर्यटनले महत्त्व पाएको क्षेत्र भुने स्याङ्जा जिल्लाको आधिखोला गाउँपालिका १ पञ्चमूलस्थित 'सिरुवारी' लाई पर्यटकीय गाउँको होमस्टे सञ्चालन क्षेत्र मानिन्छ । पूर्व सांसद तथा बेलायती सेनाका सेवानिवृत्त क्याप्टेन स्व रुद्रमान गुरुङ यस व्यवसायका संस्थापक मानिएका छन् । (अधिकारी : २०७६ : ४९३-४)

स्याङ्जाको सिरुवारी गाउँको प्रभाव एकैचोटि लमजुङ जिल्लाको गुरुङ गाउँ साविक उत्तरकन्या गा. वि.स.स्थित लिलाबहादुर घले र उनैका भतिजा प्रेम घलेले आयोजना गरेको घलेगाउ हुदै पूर्वी नेपालको धनकुटा जिल्लास्थित साँघुरीगढी गा पा वडा नं ६ स्थित अनिल राना मगर र गञ्जमान रानामगरले सन्चालन गरेको थुम्की-नाम्जे गाउको होमस्टेसम्म पुगेको थियो । स्याङ्जाको सिरुवारी, लमजुंको घलेगाउंजस्ता गुरुङ गाउँ र धनकुटाको थुम्की-नाम्जे जस्ता मगर गाउंहरूमा होमस्टे व्यवस्थापनको सुरुवातसंगै यी तीनवटा जिल्लाहरूमा होमस्टे व्यवस्थापन तथा व्यवसायहरू सञ्चालनमा आएर होमस्टे व्यवसायको प्रचार-प्रसार नेपालको विभिन्न जिल्लाका गाउँठाउँहरूमा फैलिएको हो । यी होमस्टेहरूको प्रभावको परिणाम स्वरूप नेपाल सरकारले ग्रामीण क्षेत्रका जनताहरूको स्वरोजगारको अवसर सिर्जना गर्ने उद्देश्यले होमस्टे प्रवर्द्धनको नीति नियम तथा कार्यक्रमलाई प्राथमिकता दिएर होमस्टेको सम्बोधन गर्न थालेको हो । विशेषगरी नेपाल सरकारले ग्रामीण क्षेत्रको आर्थिक विकास, रोजगारी तथा ग्रामीण क्षेत्रका मानिसहरूको प्रतिभाको प्रस्फुटन गराउने उद्देश्यबाट वि स २०६७ साल श्रावण ३ गते बसेको मन्त्रीपरिषदको निर्णयले नेपालमा होमस्टे सञ्चालन कार्यविधि-२०६७ जारी गरेर होमस्टे प्रर्यटनको व्यवसायलाई व्यवस्थित गर्ने प्रयासका साथ होमस्टे कार्यक्रमको प्रचार-प्रसारमा प्राथमिकता दिइएको छ ।

त्यो दिन त्यस्तो सुनौला दिन थियो जहिले होमस्टेको वैधानिक कार्यक्रमको घोषणालाई नेपाल सरकारले वैधानिकता दिएको थियो । तत्पश्चात् नेपालका गाउँ ठाउँहरूको मूल्य र मान्यताको स्तर माथि उठेको आभाष भेटियो । होमस्टेको इतिहासतर्फ दृष्टि दिंदा वि.स. २०७४ साल माघ मसान्तसम्मको तथ्याङ्कमा नेपालका ३१ वटा जिल्लाका गाउँहरूमा ७० बटा सामुदायिक र ७५ वटा निजी होमस्टे गरेर जम्मा १४५ वटा होमस्टेहरू संस्थागत रूपमा सञ्चालनमा आएका छन् । यसभित्र ८०२ घरधुरी १२१२ वटा कोठामा २३६६ बेडहरू र २४७ जना प्रतिनिधिहरू रहेका छन् । नेपालका ग्रामीण क्षेत्रमा निकै उत्साहका साथ अगाडि बढेका होमस्टे व्यवसायीहरूलाई वि.सं २०७२ सालको विनाशकारी भूकम्पले ठूलै क्षति पुर्‍यायो । वर्तमानमा आएर झण्डै २२५ भन्दा बढी सामुदायिक र निजी होमस्टेहरू देशका ४४ वटा जिल्लाका गाउँ-ठाउँहरूमा सञ्चालनमा आएर पर्यटक पाहुनाहरूको सेवा प्रदान गर्दै आयआर्जनमा जुटेका छन् । नेपालको भौगोलिक दूरदराजमा परेका ग्रामीण हिमाली र पहाडी भू-भागको ८३% भू-भागमा बसोबास गर्ने ग्रामीण जनताको शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक संस्कार, आर्थिक अवस्था, चेतनाको स्थिति र कृषि उत्पादनजस्ता विभिन्न कुराहरूबाट अनभिज्ञताका कारण पछाडि परेका देशबासीको लागि होमस्टे पर्यटन व्यवसाय जीविकोपार्जनको एउटा प्रबल आधार बन्न सक्तछ । ८ होमस्टे व्यवसायले निरपेक्ष गरिबीको रेखामुनि परेका र

आर्थिक जीवनस्तर उकास्न नसकेका ग्रामीण जनताको जीवनस्तरमा अनुकूल प्रभाव पार्न सक्छ । नेपालको विकास भनेकै गाउँ-ठाउँका जनताको समृद्धि हो जसलाई होमस्टे कार्यक्रमले सफल पार्न सक्तछ ।

नेपाल सरकारले नेपाली ग्रामीण जनताको आयआर्जन र जीविकोपार्जनको स्थितिलाई उकास्ने हो भने होमस्टे पर्यटनसँग प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहमागिता जनाउने विविध समूह र वर्गहरूको पहिचान गरी स्थानीय क्षेत्रका विज्ञ र अनुभवी नेतृत्वको सहयोग र सहभागितामा त्यससम्बन्धी शिक्षा, सीपमूलक तालिम, पूर्वअनुभवको मूल्याइन र परिमार्जनमुखी कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । होमस्टेसम्बन्धी प्रस्तावित नीति, रणनीति, होमस्टे पर्यटन सञ्चालनको संस्था निर्माण, संस्थागत विकास र समन्वय, यसको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्मको सञ्जाल, प्रवर्द्धन, बजारीकरणजस्ता विविध विषयमा राज्यको ऐन, नियम, नीति, प्रक्रियाहरूको विश्लेषण र अध्ययन माथिल्लो निकायवाटै गरिनु पर्दछ र पर्यटनसँग सम्बन्धित निकाय र सम्बन्धित संघसस्थाहरूको सक्रियतामा युवा जनशक्तिलाई पूर्णरूपेण सदुपयोग र सहभागी गराउनु पर्दछ । हाम्रो भौगोलिक स्थिति, क्षमता, धार्मिक, सामाजिक र सांस्कृतिक अवस्थालाई मध्यनजर गरेर होमस्टे पर्यटनको प्रवर्द्धनमा छिमेकी राष्ट्र चीन र भारतका पर्यटकहरूको सहभागिता यस कार्यमा बढी उपयोगी बन्न सक्तछन् । उनीहरूलाई हाम्रो धर्म, संस्कृति, भाषा, खानपान, रीतिथिति, चालचलन, बानीव्यहोराको बारेमा न्यूनतम जानकारी रहको छ । यसो गरियो भने युरोप अमेरिका र अन्य एशियाका पर्यटकहरू नेपाली होमस्टेका ग्राहक बन्न सक्ने कुरामा कसैको दुईमत हुँदैन ।

नेपालको ग्रामीण क्षेत्रका पिछडिएका स्थानीय समुदायलाई विकासको पहुँच प्राप्त गराउन तथा आय आर्जन र रोजगारीमा अभिवृद्धि गर्न उनीहरूलाई पर्यटन स्थानीय समुदायलाई विकासको पहना गरिवी निवारणका निम्ति उपयुक्त मानिएको होमस्टे विकास, प्रवर्द्धन र सन्चालन नामको मन वायरल तारागाउँ विकास समितिलाई केन्द्रित गरेको छ । यस समितिलाई नेपाल पर्यटन बोर्ड र पर्यटन मन्त्रालयले सक्दो सम्भाव दिएर सहयोग उपलब्ध गराएको छ । तारा गाउँ विकास समितिले होमस्टे पर्यटनलाई व्यवस्थित गर्दै लैजाने, समस्याको पहिचान गर्दै नीतिगत सुझाव पेस गर्नका बागि सञ्चालकहरूका अनुभव र अभ्यासहरूको जादान-प्रदानेन यसको लागि अमता अभिवृद्धि गर्दै प्रवर्द्धन तथा बजारीकरण गर्नेजस्ता महत्त्वपूर्ण विषयवस्तुमा तारागाउँ विकास समितिले अलग अलग स्थानमा निम्न लिखित तीनवटा महत्त्वपूर्ण कार्यशाला गोष्ठीहरू सञ्चालन गरिसकेको छ । (पंगेनी, २०७६ : १४२-१५६)

- मिति २०६७ साल चैत्र १५ र १६ गते काठमाडौंको कपनमा सम्पन्न भएको पहिलो कार्यशाला गोष्ठी ।
- मिति २०७० साल आषाढ ०२, ०९ र ३० गते पोखरा बजारमा सम्पन्न भएको दोस्रो कार्यशाला गोष्ठी ।
- मिति २०७३ साल वैशाख २५ र २६ गते बर्दियाको सूर्यपटुवास्थित डल्लामा सम्पन्न तेस्रो कार्यशाला गोष्ठी ।

उपरोक्त तीनवटा कार्यशाला गोष्ठीको परिणामअनुसार नेपालमा होमस्टे व्यवस्थापनको अवधारणाको विकास हुँदै आएको पाइन्छ । तेस्रो बर्दियाको डल्लामा सम्पन्न गोष्ठीमा त थारुहरूको संस्कृत्तिबाट अत्याधिक प्रभावित भएर बेलायतका राजकुमार ह्यारीसमेत सो गोष्ठीमा सहभागी भएका थिए । स्यारीको होमस्टेसम्बन्धी आकर्षणलाई विश्व पर्यटनले निकै महत्त्वका साथ हेरेको छ । वास्तवमा नेपालको ग्रामीण क्षेत्रको विकास तथा परिवर्तन र त्यहाँ उपलब्ध भएका प्राकृतिक र सांस्कृतिक सम्पदाको राम्रो बजार कायम गर्न र गराउन सामुदायिक तथा निजी रूपमा होमस्टे पर्यटनको व्यवसाय सञ्चालनले निकै ठूलो प्रभावकारिता लिन सक्ने स्थिति देखिएको छ । नेपालको भौगोलिक तथा प्राकृतिक विविधतामित्र अनेकौ सुन्दर सन्दर्भहरू देखिएका छन् । विश्वको अग्लो हिमचुचुरा सगरमाथासहितका १७९२ वटा हिमालहरू, यहाँका १२५ वटा जाति जनजातिभित्रका अनेकौं मौलिक सभ्यता र संस्कृत्तिहरू, भेषभूषा, खानपान, चाडपर्व, रीतिरिवाज, परम्परा, वर्षचक्रका चाडवाड र जन्मदेखि मृत्युसम्मका संस्कारगत कर्महरू, ८८२ किसिमका चराचुरुङ्गीहरू, ४० प्रकारका लालीगुराँस, १७० प्रजातिका सर्प, ६ सय पुतली, २३२ माछा, १० हजार प्रजातिका वनस्पति, ७ सय प्रजातिका जडिबुटीहरू, लोपोन्मुख एकसिंगे गैंडा, रेडपान्डा आदि अनकौ पर्यटकीय वस्तुहरू ग्रामीण क्षेत्रमा देख्न सकिन्छ ।

### स्याङ्जाको सिरुबारी गाऊँ

प्रदेश नं. ०४ गण्डकी प्रदेशको स्याङ्जा जिल्लाअन्तर्गत साविक आँधिखोला गा.पा. भित्रको पञ्चमूलमा पर्ने सिरुबारी गाउँ नेपालकै पहिलो पर्यटकीय गाउँ हो । समुद्री सतहदेखि १६१० मिटर उचाइको युचोलेकको काखमा अवस्थित ४३ घरपरिवारले बसोबास गरेको सुन्दर गाउँको नाउँ हो-सिरुवारी । गाउँको वरिपरि ब्रामण र दलित जातिबाट घेरिएको पोखराबाट ६० कि.मि. पश्चिम, सिद्धार्थ राजमार्गको नाउँडाँडाबाट ३ घण्टा, स्याङ्जाको पुतलीबजारबाट ५ घण्टा र अर्जुनचौपारी बजारबाट २ घण्टाको पैदल दूरी हिंडेर पुग्न सकिने पश्चिम धारू बजार र पूर्व चण्डिस्थान बीचको सानो र अत्यन्त आकर्षक गुरुङ बस्ती जति हेयो त्यति राम्रो लाग्दछ । बेलायती सेनाका सेवानिवृत क्याप्टेन तथा पूर्व सांसद स्व. रुद्रमान गुरुङले श्रार्जेको नेपालभित्र र बाहिर ग्रामीण पर्यटन र घरवासका लागि देशकै उदगमस्थलका रूपमा सिरुवारी गाउंले पहिचान लिएको छ । जम्मा १७२ जनसंख्या रहेको सिरुवारीको स्वच्छ वातावरण, सास्कृतिक नाचगान, सफा बाटा र घरपरिवार, होमस्टेको व्यवस्थाले जो कोहीलाई आकर्षण गर्दछ । हिमाली दृश्यावलोकनको सुविधा, बौद्ध गुम्बा र हिन्दू मन्दिर, गाउँमाथिको सुन्दर सामुदायिक वन, गुरुङ सडग्रहालय र गाउँलेको न्यानो माया पर्यटनका लागि अत्यन्तै आकर्षणको विषय बन्न पुगेको छ-सिरुवारी गाऊं ।

सिरुवारीलाई इलामको अन्तुडांडा, कास्कीको धम्पुस र घान्दुक, तनहुँको बन्दीपुर, प्यूठानको स्वर्गद्वारी, लमजुङको घलेगाउँ र धनकुटाको सांध्रीगढीस्थित चुम्की-नाम्जे गाउँजस्ता अनेकौ ग्रामीण पर्यटकीय गाउंहरूसँग तुलना गरिन्छ । अष्ट्रेलियन नागरिक टोनीपारले ग्रामीण पर्यटनको सिहावलोकनका क्रममा वि.स २०५३ सालमा नेपालको ग्रामीण पर्यटनको नमूना गाउँको रूपमा सिरुवारीलाई छनोट गरेपछि पहिलो पटक बेल्जियमवाट १६ जना पर्यटकहरूले पहिलो पटक यस गाउँमा पाइला टेकेदेखि नै यस पर्यटकीय गाउँ र होमस्टेका संस्थापक यस ग्रामीण पर्यटकीय विषयका विज्ञ स्वरुद्रमान गुरुङले घरवास र पर्यटकीय गाउँको नेतृत्व लिएपछि सिरुबारीको आकर्षण तथा पर्यटकीय व्यवस्थापनले चरमोत्कर्षको रूप लिन पुगेको थियो । सन् २००० मा संस्थापक रुद्रमानले यस गाउंमा बृहत् गोष्ठीको आयोजना गर्दा त्यस गोष्ठीलाई सम्बोधन गर्न तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सिरुबारी पुगेर त्यस गाउँलाई पहिलो पर्यटकीय गाउँ घोषणा गरेदेखि नै काठमाडौस्थित 'नेपाल भिलेज रिसोर्ट' ले सिरुवारीको पर्यटन समितिसँग त्यहाँ होमस्टे सञ्चालन गर्ने १० वर्षे सम्झौता गरेर सिरुवारीलाई पहिलो पर्यटकीय गाउँमा रुपान्तरण गरिएको थियो । यस गाउँमा वि.सं २०३४ सालदेखि नै गाउँ पर्यटन केन्द्रको जागरण फैलिएको थियो । (भट्टराई, २०७५ : ८९५)

### लमजुङको घलेगाऊँ

बागलुङपानी, घनपोखरा र मिदिम खोला बीचको दक्षिण एशियाकै अत्यन्त रमणीय गाउँ मानिएको साविक घले उत्तरकन्या गा.वि.स. डाँडा, हिमाल र लेक खुलेको गुजमुज्ज १२५ घरहरूले रष्ट्रिएको पर्यटकीय क्षेत्र हो । ठकुरी नश्लका मानिने घले जातिहरूलाई उनीहरूले गुरुङ जातिमा आफूलाई गणना गरे पनि केही लेखकहरूबाट घलेहरू गुरुङ नभएको खुलासा भएको छ । यस गा.वि.स.को भौगोलिक अवस्थिति २८.२७ड्ड उत्तरी अक्षांशदेखि ८४.३०ड्ड पूर्वी देशान्तरभित्र पर्दछ । नेपालको अत्यन्त सुन्दर गाउँमा गणना गरिने घलेगाउँ पर्यटकीय मार्गको अग्रपक्तिमा पर्दछ । उत्तरकन्या भन्दा पनि घलेगाउँको नामले प्रख्यात यस पर्यटकीय गाउँमा अति गरिबको संख्या १५.८ प्रतिशत रहेको छ भने गरिबको चाहिँ ३९.३ प्रतिशत रहेको छ । यहाँ बसोबास गर्ने ४३.० प्रतिशत जनताहरू मध्यम खालका छन् । सम्पन्न तथा उच्च परिवारभित्र जम्मा १.८ प्रतिशत मात्र बसोवास गर्दछन् । यस गाउँमा सबै जातिभन्दा बढी गुरुङ जातिको बसोबास रहेको छ । त्यसपछि क्रमशः कामी र ब्राह्मण जातिको र ३०को छ । यस गा.वि.स.मा बोलिने मातृभाषाहरू नेपाली, गुरुङ, र अन्य रहेका छन । -अधिकारी, २०७३ : ४६५) । गरी गतसम्म १२,७७९ आन्तरिक र ३०४ बाह्य गरी जम्मा १३,०८३ पर्यटकहरूले भ्रमण गरेको तथ्याङ्क छ । (वि.क., २०७६ : १-१२)

लमजुङ जिल्लाको विकासमा "सुन्दर र समृद्ध लमजुङको आधार कृषि, पर्यटन जलश्रोत र पूर्वाधार" भन्ने नाराले प्रमुख स्थान प्राप्त गरेको छ । लमजुङको पर्यटनको वर्तमान स्थितिलाई नियाल्दा विविध टुरका दुर साधनहरूको कार्यक्रमलाई अंगाल्न सकिन्छ । २ दिन १ रातको जीपटुरमा घलेगाउँ-भुजुङ-घनपोखरा जान सकिन्छ भने ४ दिन ३ रातको लागि बराह बाहपोखरी र मेमे पोखरीको हाइकिङ गर्न सकिन्छ । यस प्याकेजअन्तर्गत भोटेवडारबाट उदिपुर-चिती- माझगाउँ (हिलेटक्सार)-नासच्हो-टक्सार-पुरानो द्वार-पोलीडांडा-बराहपोखरी-मेमेपोखरी-खासुर हुदै लमजुङ जिल्लाको सदरमुकाम बेसीशहरको यात्रा गर्न सकिन्छ । यसैगरी २ दिन १ रातको लागि ताकुंकोट-पुरानकोट र गाउँशहरको हाइकिङ गर्न सकिन्छ । यस प्याकेजअन्तर्गत सुन्दरबजार नप भित्रको भोटेवडारवाट तार्ककोट-नयागाउँ-गहते-चम्डिला-पान लगाया लागि राइनासकोटदेखि इलमपोखरीसम्मको जीपटर गर्न सकिन्छ ल्हेवारचोक-देउरानी पोखरी-इलमपोखरी-प्यारजुइ-बोराड-बोराइखोला-चक्रतीर्थ । यस अन्तर्गत भोटेवडारबाट राइनासकोट-गौडा-जोर्ने- हुदै ताघाटसम्मको यात्रा गर्न सकिन्छ । -जि.वि.स. २०७३ : ३७)

यसरी नै उत्तरी लमजुङको ५ दिन ४ रातको इको टूर गाउँशहरबाट पुरानकोटगढी-घलेगाउँ-घनपोखरा-घोप्टें- जिम्द-हरिसिडांडा-सिउरुङ-स्यांग-धर्म-बहिनडांडा-डादी हुदै बेसीशहरको यात्रा गर्न सकिन्छ भने ३ दिन २ रातको हिस्टाँरिकल हेरिटेज टुर प्याकेजमा भोटेवडारबाट तार्कुकोट-नयाँगाउँ-गहते-गाउँशहर-पुरानकोटगढी-घलेगाउं-घनपोखरा हुदै बेसीशहरको यात्रा गर्न सकिन्छ । हनि हन्टिङ दुरअन्तर्गत स्थानीय वासिन्दाहरूको समन्वयमा कार्तिक-मसीर र चैत्र- वैशाख महिनामा हनिहन्टिङस्थलको भ्रमण गर्न सकिन्छ । घलेगाऊँ लमजुङका सबै पर्यटकीय गाउँहरूमध्येका राजा गाउँ हो र यसको प्रशिद्धि दक्षिण एशियादेखि विश्वका विभिन्न क्षेत्रहरूसम्म फैलिएको छ । यस गाउँको पर्यटकीय व्यवस्थापनमा लिलाबहादुर घले र उनैका भतिजा प्रेम घलेको निकै ठूलो योगदान रहेको छ । यी दुवै काका भतिजाले पर्यटकीय गाउँ 'घलेगाउँ' को गुरुङ संस्कृक्तिलाई उजागर गर्दै आएका छन । हिमाली दृश्यावलोकन गर्न, होमस्टेमा रमाएर पर्यटकहरू बास बस्नयोग्य बनाउन, गुरुङ संग्राहलय र संस्कृक्तिको संरक्षण र सम्बर्द्धन गर्नमा यी दुई जनाले विशेष योगदान दिएका छन् ।

**धनकुटाको थुम्की-नाम्जेगाऊँ**

साँगुरीगढी गा पा वडा नं ६ को मगर गाउंलाई पर्यटनको क्षेत्र मानेर विश्व सम्पदा सूचीमा राखिएको हो । पश्चिम नेपालको लमजुङस्थित घलेगाउँ र स्याइन गाउँलाई पर्यटनको क्षेत्र मानेर विश्व सिरुवारी गाउँजस्तै गरेर धम्की नाम्जे गाउँलाई ग्रामीण पर्यटनअन्तर्गत होमस्टेमा धोला गामहको सागुरी गा.पा को थुम्की-नाम्जेमा अधिकाश मगरहरू ८ पुस्तादेखि बसोबास रहेको नमूना गाउमा विकसित गरिएको मो मगरहरूको बसोवास क्षेत्रमा बस्ने मगर जातिका समूहहरू आलेमगर, बलमपाकी मगर र पीसकोटे मगर गरी ३ थरका मगरहरूको बसोबास क्षेत्र हो । मांघरीगढी गा पा भित्रका कोल्बोटे र नाम्जी समारभर पीठाकोटे मगर गती देगर जातिका गाउँलेहरूले माघेसंक्रान्ति र चैते दसैंमा धनकुटा र सुनसरी सिमानाको कन्यापोखरीमा लाग्ने जान्द र तिहार राम्रोसँग मान्दछन् । कोल्बोटे गाउंमा राईहरूको बसोबास पनि रहेको छ । बुद्धिष्टहरू २०-२५ घर, क्रिश्चिय २ घर, धामी बुडाहरू ३/४ जना र प्रायः गाई, गोरू र बाखा पालन गर्दछन् । यी गाउँमा होमस्टेको प्रचलन ४ वर्ष अघिदेखि प्रचलनमा आएको हो ।

क्रिश्चियन पाश्चर चन्द्र पुलामी र जीवन मगरले विरामी हुने मानिसलाई हिले बजारमा लगेर विदेशी गोराहरूसँग उपचार गरिदिने भएर विरामी हुने मानिसहरूको झुकाव क्रिश्चियनतर्फ ढल्कने गरेको छ । साँगुरी गाउँबाट पारिपट्टि हेर्दा देखिने ग्रामीण क्षेत्रहरूमा भेडेटार, पाखीवास, हिले, धनकुटा, फाक्सी, बुढीमोरङ, निगाले, डाँडाबजार, मुक्तन, मजुवा, ओडारे, ओखे आदि रहेका छन् । मगरहरूको दाहसंस्कार नजिक पर्ने तमोर नदीमा गरिन्छ । थुम्की-नाम्जेमा जाने पर्यटकहरूलाई खादा ओढाएर स्वागत गरिन्छ । सबै गाउँका मानिसहरू मिलेर सामूहिक रूपमा खुवाउने चलन पनि छ । गाउँमा सामुदायिक भवन भएकाले विभिन्न

संघसंस्थाहरूले नाम्जेको पर्यटकीय गाउँमा गएर सामुदायिक भवनमा कार्यक्रम गर्ने गर्दछन् । धनकुटा जिल्लाको भेडेटारदेखि करिब १ कोस माथि रहेको थुम्की-नाम्जेस्थित मगर समुदायको गाउँमा पर्यटकहरू निरन्तर रूप्पूसा जाने र बस्ने भएकाले त्यस पर्यटकीय गाउँको पर्यटन विकास द्रुतगतिका साथ अगाडि बढ्दै गएको छ । (रा.गोष्ठी, २०७६ : १-९)

यसै वर्ष २०७६ को जेष्ठ ७ गतेदेखि ९ गतेसम्मको ३ दिने राष्ट्रिय गोष्ठीको कार्यक्रम नेपाल इतिहास संघ, इतिहास केन्द्रीय विभाग कीर्तिपुर तथा सामाजिक विकास मन्त्रालय प्रदेश नं १, धनकुटा न.पा. र लालिगुराँस न.पा. वसन्तपुरको संयुक्त आयोजनामा व्यवस्थापन गरिएको थियो । उक्त ३ दिवशीय तीन दिवशीय साँगुरीगढी गा पा. वडा नं. ०६ स्थित थुम्की-नाम्जे धनकुटाको पर्यटकीय क्षेत्रको सामुदायिक भवनमा सम्पन्न कार्यशाला गोष्ठीले कार्यक्रम सम्पन्न गरिसकेपछि घोषणा-पत्र तयार गरेर थुम्की-नाम्जे पर्यटकीय क्षेत्रको उत्तरोत्तर विकासको शुभकामनासमेत दिएको थियो । यस गोष्ठीमा सहभागी हुने सहभागी पाहुनाहरूलाई स्थानीय पर्यटकीय गाउँका मगर जातिले आफ्नो परम्परादेखि नाचै आएको हरा हा... हा.. नामक लोकसस्कृक्ति बोकेको मगर नाच" देखाएर मुग्ध पारेका थिए । पूर्वमा नाचिने हुर्रा नाच यहींका मगर जातिको मौलिक नाच हो । यस गोष्ठीका सहभागीहरू मगर जातिबाट पाएको न्यानो माया र नाम्जेको चित्रसहितको मायाको चिनो पाएर हर्षले गदगद हुँदै पुनः नाम्जे घुम्न आउने कबोल गर्दै स्थानीय बासिन्दाहरूलाई धन्यवाद दिएर बिदा भएका थिए । यस राष्ट्रिय गोष्ठीमा जाने हरेक सहभागीहरूले नेपालमा होमस्टे पर्यटनको महत्त्वलाई नजिकैबाट बुभने र प्रत्यक्ष रूपमा अनुभव गर्ने मौका पाएका थिए ।

## नेपालमा होमस्टेको विकासका लागि चाल्नुपर्ने कदमहरू

नेपालको होमस्टे पर्यटनले यस्ता जीवजन्तु, वनस्पति, भौगोलिक स्वरूपलाई उपस्थित गराएर विदेशी पर्यटकहरूको मन जित्न सक्ने स्थिति रहेको छ । यस्ता वस्तुहरूको अध्ययन अनुसन्धानमा विदेशीहरूलाई सरिक गराएर होमस्टे पर्यटनको माध्यमबाट पर्यटकहरू मात्र नभएर अनेकौ धर्म, संस्कृतिका अनुसन्धानकर्ता, वैज्ञानिक, विद्यार्थी, प्राध्यापकहरूको सहभागिता गराउन सकिन्छ । विश्व सास्कृतिक पर्यटनको वृद्धिका लागि यो होमस्टेको माध्यमबाट प्राप्त हुने अवसरहरू धेरै छन् । यहाँका गुफा, मन्दिर, तालतलैया, देवालय, चैत्यजस्ता ऐतिहासिक तथा पुरातात्त्विक वस्तुहरूलाई नेपालका दूरदराजका गाउँठाउँहरूमा खोज्न सकिन्छ । यस्ता वस्तुहरूको प्रदर्शन गराएर होमस्टे सञ्चालन गर्ने हो भने विकासको ढोका र आर्थिक औजारका रूपमा नेपालको ग्रामीण क्षेत्रमा यसको प्रचुर सम्भाव्यता रहेको देखिन्छ । नेपाली ग्रामीण क्षेत्रका बासिन्दाहरूका निम्ति आर्थिक, सामाजिक तथा शैक्षिक विकासको गहकिलो र महत्त्वपूर्ण माध्यमका रूपमा होमस्टेलाई व्यवस्थित गर्नु र गराउन आवश्यक देखिएको छ । नेपालमा सञ्चालित होमस्टेलाई व्यवस्थित र विकासको माध्यमका रूपमा उपयोग गर्नका निम्ति निम्न शर्तहरू सम्वन्धित निकायहरूबाट पालना गर्नु आवश्यक देखिएको छः (विभाग, २०७५ : १२५-२७)

- होमस्टेको पूर्वाधार विकासका लागि नेपाल सरकारले बजेट विनियोजन गरी प्रदेश र स्थानीय सरकारले समेत बजेट निकासाको कार्यमा ध्यान दिनु जरुरी देखिन्छ ।
- देशमा बढ्दो होमस्टेहरूको स्तरोन्नति तथा पूर्वाधार विकास र प्रवर्द्धनका लागि सरोकारवाल समूहहरू एकजुट भएर साझा भूमिका निर्वाह गर्दै सामूहिकताका साथ प्रतिवद्ध र दृढ रहनु पर्दछ ।
- एक प्रदेश एक नमुना होमस्टे विकासको ठोस योजना र कार्यक्रम सञ्चालन गरी देशको सबै प्रदेशहरूमा अन्तर्राष्ट्रिय स्तरका परम्परागत र आधुनिक होमस्टे विकासका कार्यहरू सञ्चालन गरिनु पर्दछ ।
- देशका छरिएर रहेका विद्यमान सवै होमस्टे व्यवस्थापन समिति र होमस्टे एसोसियसन नेपाल ( होसान) मिलेर साझा प्रयासहरू अगाडि बढाउनुमा ध्यान दिनु पर्दछ ।

- होमस्टेहरूको बजारीकरण र ब्रान्डिङ्गका निम्ति सामुदायिक र निजी होमस्टेहरूका पृथक पृथक सामूहिक कोष निर्माण गरेर प्रचार-प्रसारको कार्यलाई व्यवस्थित गर्नु आवश्यक देखिन्छ । यसका निमित्त हरेक होमस्टेका मौलिक विशेषतालाई समेटेर अलग अलग वेबसाइट निर्माण र सञ्चालन गर्दै होमस्टे एसोसियसनको वेबसाइटमार्फत एकीकृत रूपमा प्रवर्द्धन र बजारीकरणका अन्य कार्यसमेत अघि बढाएर नेपाल पर्यटन वोर्डले पनि होमस्टेको क्रियाकलापहरूमा विशेष ध्यान दिएर सहयोग गर्नुपर्छ ।
- हरेक पटक सरकारी कर्मचारीहरू कामको सिलसिलामा जिल्लाहरूको भ्रमणमा जाँदा होमस्टेमा बसोबासका लागि उत्प्रेरित गर्दै सरकारीस्तरका सभा सम्मेलन, कार्यशाला गोष्ठी, छलफल र बैठकका कार्यक्रमहरू होमस्टेको कार्यकक्षमा गराउने व्यवस्था मिलाउनु पर्दछ ।
- होमस्टेको क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छलफल, गोष्ठी, सेमीनार आदि नीति निर्माण तर्जुमा कार्यमा सहयोग पुर्याउनेजस्ता कार्यक्रमहरू स्वयं होमस्टेहरूमा सञ्चालन गर्दै सुरक्षा सुविधा वा अन्य कारणहरू दर्शाएर सुविधासम्पन्न होटलहरूमा होमस्टेसम्बन्धी कार्यक्रमहरू गर्नेक्रम रोकिनु पर्दछ ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय नमूना मापदण्डका नमूना होमस्टे विकास गरी सेमिनार हल, सुरक्षा प्रवन्ध, वसोबास, खानपान, मनोरञ्जन र यातायातलाई तदनुरुप सुव्यवस्थित गर्न सरकारले एकमुष्ठ र विशेष अनुदानमार्फत होमस्टेको विद्यमान पूर्वाधारलाई उन्नत र गुणस्तरीय बनाउन सहयोग गर्नुपर्दछ ।
- अन्तर्राष्ट्रिय क्षेत्रमा अनुभव आदान-प्रदान गर्न र गराउन दातृ संस्था र कूटनीतिक नियोगहहरूमार्फत समन्वय र सहयोगको परिचालन गर्नमा विशेष ध्यान दिनु पर्दछ ।
- आमनागरिकको जीवनस्तर र जीवनशैलीलाई होमस्टे मार्फत सुव्यवस्थित तुल्याउँदै हरेक घर व्यवस्थित होमस्टे राष्ट्रिय नागरिक अभियान सञ्चालन गरेर राष्ट्रिय स्तरबाट यसको कानुनी व्यवस्थालाई उन्नत र फराकिलो पार्दै जानु पर्दछ र यसले स्वास्थ्य, आनीवानी, सरसफाइ, सेवा सुविधाहरूको उपलब्धतामा सबै ग्रामीण बस्तीहरूलाई पर्यटकीय सेवाका लागि एकजुट हुन योगदान र सहयोग पुर्याउँदै स्थानीय उत्पादन, मौलिकताको प्रस्तुति र अर्गानिक वस्तुको उपयोगमा विशेष जोड दिनुपर्छ ।
- बहुजातीय, बहुभाषिक र बहुसास्कृतिक सभ्यताहरूको जीवन्त प्रस्तुतिलाई होमस्टे मार्फत चलाएर त्यसको संरक्षण र विकासमा ध्यानकेन्द्रित गर्नु आवश्यक छ । यसबाट जातीय, सांस्कृतिक र भाषिक सङ्ग्रहालयहरूको स्थापना, विकास र विस्तारमार्फत होमस्टेहरूको प्रवर्द्धन तथा सास्कृतिक सम्पदाहरूको संरक्षणलाई अन्योन्याश्रित रूपमा जोडेर अगाडि बढाउन सक्नुपर्छ ।
- नेपालका ग्रामीण गन्तव्यहरूको प्रांधार विकास, प्रवर्द्धन र बजारीकरण गर्ने तथा होमस्टेहरूलाई ठोस सहयोग पुर्याउने उद्देश्यका साथ पर्यटन भिसामा ससारका विभिनजारीकरण गर्न तथा मा जाने प्रत्येक नेपालीलाई आवागमन विन्दूमा प्रतिव्यक्ति कर लगाउने कानुनी प्रवन्ध मिलाइ बस बापत जम्मा हुन गएको रकमलाई सम्बन्धित निकायमार्फत होमस्टे पूर्वाधार विकास, प्रवदेन बिजाई यस बापत जनाबद्ध तरिकाले लगाइ यस्ता स्रोत परिचालनका अन्य विकल्पहरूसमेतको खोजी गरी दिगो गुणस्तरीय र जिम्मेवार ग्रामीण पर्यटन विकासमा लगाउन सक्नु पर्दछ ।
- होमस्टेको मूल्य, मान्यता तथा कार्यविधि विपरीतका गतिविधिहरू सञ्चालनमा कडाइका साथ रोक लगाउदै एउटा गेष्टहाउसमा एक कोठा छुट्याएर होमस्टे सञ्चालन गरेका क्रियाकलापलाई होमस्टे सञ्चालकहरूले नै सर्त्याउने र सम्बन्धित निकायले निगरानी गरी अविलम्ब बन्द गराउने कार्य गरिनु पर्दछ ।

- हरेक होमस्टेहरूले पार्क, विजुली सोलार, बाटो भ्यु प्वाइन्ट र शौचालय आदिको व्यवस्थापनका साथ प्रविधिको प्रयोग, पार्क स्थापना, पूर्वाधार व्यवस्था, पानीको सुव्यवस्था र पुस्तकालय स्थापनाजस्ता ५ 'प' को अभियान सञ्चालन गर्दै स्वास्थ्य सेवा र सुरक्षाको उचित प्रवन्धमा ध्यान पुयाउनु पर्छ । देशको पूर्वाधार विकासमा पछिपरेका गोसाइकुण्ड, हलेसी, पाथीभरा, स्वर्गद्वारी, रारा, खप्तड, तथा अन्तर्राष्ट्रिय महत्त्वका गन्तव्यहरू जस्तै लुम्बिनी, मुक्तिनाथ, स्वर्गद्वारी, नागार्जुन, र ढोरपाटन आसपासमा सुविधायुक्त होमस्टे सञ्चालन गरी पर्यटनको ठोस प्रतिफल हाशिल गर्न स्थानीय समुदायलाई अभिप्रेरित गर्नु पर्दछ ।
- होमस्टेलाई व्यवस्थित गर्न राष्ट्रिय योजना आयोगले रणनीतिक पहलकदमी, योजनाको तर्जुमा र राष्ट्रिय कार्यक्रम एवं प्रार्थामकताको तया गरी यसका साथै होमस्टेको लागि आवश्यक जनशक्ति विकास, उत्पादन प्रक्रिया, प्रतिफल वा लाभको वितरण र पुनर्वितरणमार्फत गरिबी निवारणमा योगदानको स्पष्ट मार्गचित्र तयार गरी पर्यटन मन्त्रालय र तारागाउँ विकास समितिका क्रियाकलापहरूलाई मार्गदर्शन गर्नु आवश्यक देखिएको छ ।
- एक प्रदेश, एक जातीय संग्रहालयसहितका देशका १२५ जातजाति र १२३ भाषाभाषिका मौलिकता र ऐतिहासिक, सांस्कृक्तिक वैभवहरू समेटिएको राष्ट्रिय सास्कृतिक संग्रहालयको स्थापना, विकास र सञ्चालनको जिम्मा तारागाउँ विकास समितिलाई दिन पर्दछ । यस प्रक्रियालाई प्रदेश र स्थानीय तहदेखि केन्द्रीय तहसम्म विस्तार गर्ने ठोस योजना र कार्यान्वयन गरिनु पर्दछ ।

उपरोक्त कदमहरूको अतिरिक्त होमस्टे सञ्चालनको कार्यविधि-२०६७ लाई मूर्त रूप दिएर यसको वैधानिकतामा सरकारले दीर्घकालीन सोच तयार गरेर होमस्टेको व्यवस्थापनलाई दिगो रूपमा परिमार्जित गर्दै जानु पर्दछ । सरकारी स्तरबाट होमस्टे व्यवस्थापक र व्यवसायीहरूलाई यसको लगानीमा प्रोत्साहित गर्न अनुदानको व्यवस्था गरिनु पर्दछ । होमस्टे सञ्चानलका मुख्य उद्देश्यहरूको निर्धारण, यसको वर्गीकरण, होमस्टेका निम्ति पर्यटकीय क्रियाकलापहरू के-कस्तो हुनुपर्ने ? होमस्टेको व्यवस्थापना र सञ्चालन कसरी गर्ने? सरकारी स्तरबाट अनुगमन र निरीक्षणको व्यवस्था के-कसरी मिलाउने होमस्टे एक प्रकारको व्यवसाय भएकाले यसको नवीकरण के-कसरी गर्ने? होमस्टेको प्रचार-प्रसार र बजारीकरणको व्यवस्थापन कसरी गर्ने इत्यादि कुराहरूको निर्धारण र व्यवस्था सरकारी स्तरबाट गरिनुपर्दछ ।

## नेपालमा होमस्टे सञ्चालकहरूका उत्तरदायित्वहरू

नेपालमा सरकारले होमस्टे सञ्चालनसम्बन्धी कार्यविधि-२०६७ लाई प्रचलनमा ल्याएको छ । कार्य, अनुभव र अध्ययनका कमीका कारण प्रचलित कार्यविधि व्यवहारिक र दीर्घकालीन प्रयोजनका लागि त्यति प्रभावकारी नभएतापनि राज्यको तीति नियमहरूलाई पालन गर्नुपर्ने हुन्छ । यस कार्यविधिले होमस्टे सञ्चालनको लागि औपचारिकता भने दिएको छ । यस कार्यविधिलाई २०६७ श्रावण ३ गतेदेखि स्वीकृत गरेर होमस्टे सञ्चालनका प्रमुख उद्देश्यहरू, होमस्टेको वर्गीकरण, होमस्टेका लागि पर्यटकीय क्रियाकलापहरू, होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति, समितिको व्यवस्थापकीय दायित्व, अनुगमन तथा निरीक्षणसम्बन्धी व्यवस्था, नवीकरण तथा प्रचार-प्रसार र बजारीकरण इत्यादि कुराहरूको विवरण सम्बन्धित निकायमा पेस गर्नु होमस्टे सञ्चालकहरूको भूमिका आदि कुराहरू सञ्चालकहरूको उत्तरदायित्वभित्र पर्दछ । सरकारको नियम र कानुनलाई मध्यनजर गर्नु हरेक नागरिकको कर्तव्य र दायित्व पनि हो । नेपालमा होमस्टेको सम्भाव्यतालाई अध्ययन गदा या विषय आफैमा आकर्षकको केन्दमात्र नभएर प्रभावकारी आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र भौतिक परिवर्तनको एउटा प्रवल माध्यम पनि हो ।

उपरोक्त कारहरूको आधारमा होमस्टे सञ्चालकहरूले आ-आफ्नो दायित्व र जिम्मेवारी सम्फेर आत्मसात गर्न सकेनन भने यसको सन्देश नकारात्मक हुन जान्छ र आम नागरिकहरूमा होमस्टेप्रति वितिष्णा जाग्न सक्छ । त्यसैले सामुदायिक तथा निजी होमस्टे सञ्चालकहरूले निम्न जिम्मेवारी र उत्तरदायित्वको बहन गर्न पर्दछ । त्यसका लागि निम्न विषयहरूमा ध्यान दिनु जरुरी देखिएको छ

- पहिचानसहितको स्थानः होमस्टे राख्ने स्थानको पहिचान खुलाउदै त्यसको परियोजन बनाउनु पर्दछ ।
- शान्ति सुरक्षा होमस्टे स्थलमा व्यवस्थापक तथा व्यवसायीले शान्ति सुरक्षाको व्यवस्था मिलाउनु पर्दछ ।
- सुविधा सम्पन्नताः स्वदेशी तथा विदेशी पाहुनाहरू बस्ने स्थानमा सबै कुराहरूको सुविधा हुनु पर्दछ ।
- प्रकाश तथा स्वच्छ हावायुक्त आवास होमस्टे बस्ने पाहुनाहरूलाई बस्ने ठाउँमा प्रकाश र स्वच्छ हावा हुनुपर्छ ।
- सूचनापाटीः पर्यटकहरूले देख्ने गरी होमस्टे स्थलहरूमा सबै उपलब्ध हुने गरी सूचनापाटीमा उल्लेख गर्नुपर्छ ।
- पुस्तकालय : पर्यटकहरूलाई उपयुक्त हुने खालका पुस्तकहरू राखिएको पुस्तकालयको व्यवस्थापन गरिनु पर्दछ ।
- पर्यटकीय पार्क पर्यटकहरू होमस्टेबाट बाहिर निस्केर टहलिने आकर्षक पर्यटकीय पार्कहरूको निर्माण गर्नु पर्दछ ।
- पौष्टिक र स्वादिलो खानाः पाहुनाहरूलाई उपलब्ध गराउने खानाहरू पौष्टिक र स्वादिलो खालको हुनुपर्छ ।
- व्यवस्थित भान्सा घर भान्साघर पर्यटकहरूले देख्ने ठाउंमा व्यवस्थित तरिकाले निर्माण गरिनु पर्दछ ।
- स्वच्छ शौचालय : पर्यटकहरूलाई सुविधायुक्त पुरुष महिलाहरूको पृथक पृथक शौचालयको व्यवस्था गर्नु पर्दछ ।
- स्वच्छ र पर्याप्त पानीको व्यवस्था होमस्टे स्थलमा स्वच्छ पिउने पानी र पर्याप्त पानीको व्यवस्था गर्नु पर्छ ।
- पानी परीक्षणः पर्यटकहरूले पिउने पानीको परीक्षण गरिनु पर्छ र सकभर शुद्ध र सफा हुनु पर्दछ । तालिमप्राप्त कर्मचारीहरू होमस्टेका कर्मचारीहरूलाई होमस्टेको पर्यटन सञ्चालनसम्बन्धी तालिम दिनु पर्छ ।
- आवश्यक वस्तुको भण्डारणः होमस्टेमा पाहुनाहरूलाई सकभर अर्गानिक खाद्यवस्तुका भण्डारण गर्न सक्नु पर्दछ ।
- आगलागिबाट सुरक्षित हुने उपाय होमस्टे स्थलमा आगलागी हुँदा त्यसको निराकरण गर्न सक्नु पर्दछ ।
- विद्युतीय सुरक्षा : होमस्टेस्थलमा जथाभावी विजुलीको तार राख्न र त्यसको जडान सुरक्षित तरिकाले गर्नुपर्छ ।
- अन्य : होमस्टे पर्यटन वर्तमान बदलिंदो युगमा नयां तरिका र प्रविधिको उपयोग गरी सञ्चालन गरिनु पर्दछ ।

उपरोक्त कुराहरूको अतिरिक्त होमस्टे सञ्चालनमा नयां नयां प्रविधिहरूको माध्यमबाट पाहुनाहरूलाई आकर्षण हुने खालको प्रविधिको अवलम्वन गर्न सक्नु पर्दछ । नेपालको ग्रामीण क्षेत्रमा होमस्टे पर्यटनको प्रचुर सम्भावना रहेकोले यसको व्यवस्थापनमा यसका व्यवस्थापक तथा उद्यमीहरूले यसको आकर्षणमा विशेष जोड दिन सक्नु पर्दछ । होमस्टे व्यवसाय मुनाफादायी व्यवसाय भएकाले यसको सञ्चालनमा राज्यले बनाएको नीतिलाई पालन गर्दै यसको प्रभाव समाज, समुदाय र राष्ट्रको समुन्नतितर्फ प्रभावकारी ढङ्गले अगाडि बढाउनु पर्दछ । नेपालको सन्दर्भमा होमस्टे व्यवसायीहरू चाहे त्यो होमस्टे निजी होस् वा सामुदायिक दुवैले सञ्चालन गर्ने प्रविधिमा एकरुपता ल्याउनु पर्दछ । कुनै पनि स्वदेशी तथा विदेशी पर्यटकलाई होमस्टेमा सेवा दिँदा कञ्जुस्याइँ गरिनु हुँदैन ।

**नेपालमा होमस्टेको स्थायित्व र दिगो विकास**

नेपालमा होमस्टे ग्रामीण विकासको ठूलै हिस्सा बन्न सक्ने प्रवल सम्भावना रहेकोले यसको स्थायित्व र दिगो विकासतर्फ राष्ट्रले सोच्नुपर्ने बेला आएको छ । होमस्टेमा विद्यमान समस्याहरूको समाधान गर्दै नयाँ सोच र सीपमूलक कार्यहरूलाई जोड दिन सक्नु नै होमस्टे व्यवसायको दिगो विकास र स्थायित्व हुन आउँछ । यसलाई स्थायित्व दिन समयसापेक्ष यसको सञ्चालनमा वातावरण एवं पर्यावरण र स्थानीय सस्कृतिको संरक्षणका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारीकरणमा विशेष जोड दिन सतावरण एव पर्यावरण र स्थानीय सस्कृतिको संरक्षणम्र पर्यटनसँग सरोकार राख्ने सबै प्रघसंस्थाहरूसँग सम्पर्क र समन्वय राखेर अगाडि बनेको लागि विविध बालका सेमीनार, गोष्ठी, तालिम तथा प्रचार- प्रसारमा जोड दिनु पर्दछ । हालसम्म बलको हात बदलते लागि विविध साइभन्दा पृथक आनान्द दिने र मनोरञ्जनपूर्ण सुविधाहरूले सम्पन्न तथा पर्यटकहरूको मन होटेल से मोटेल बजारको बाहमिस्टेमा कायम गर्न सक्नु पर्दछ । होमस्टेको लागि राम्रो प्रतिफल र स्थायित्व दिन सक्ने कुराहरूको सम्भावनालाई खोज्नु पर्दछ ।

- नेपालका ग्रामीण क्षेत्रमा छरिएर रहेका निजी तथा सामुदायिक होमस्टे सञ्चालकहरूले पृथक रूपमा वा एसोसियसन मार्फत् लक्षित समुदायको ध्यान आकर्षित गर्ने गरी वेबसाइटको निर्माण गरेर आफूसँग भएका उपलब्ध सेवाहरूको सूची तयार गरी अनलाइनमा राख्ने प्रबन्ध मिलाउनु पर्दछ ।
- नेपालका प्रत्येक होमस्टे सञ्चालकहरूले होमस्टे एसोसिएसनसँगको साझेदारीमा बजारीकरणका सामग्रीहरू छपाइ गरी सम्भाव्य पर्यटकीय बजारहरूमा व्यापक रूपमा वितरण गर्नका लागि एकजुटका साथ लाग्नु पर्दछ र प्रचार प्रसारको रणनीति तयार गर्नु पर्दछ ।
- लक्षित बजारको रणनीतिअनुरूप धेरै मानिसहरूको सहभागिता हुने अर्थात् अधिक दर्शकहरूको उपस्थिति हुने मेला र प्रदर्शनीहरूमा सहभागिता भइ प्रचारका सामग्रीहरू जस्तै भिजिटिङ्ग कार्ड, ब्रोसर वितरण गर्ने, आफूसँग तयार गरिएका उत्पादित सामग्रीहरूलाई नजिकको पर्यटकीय उपजको प्रचार गर्दै बजारीकरणका साथ व्यापक प्रचार-प्रसार गर्नु पर्दछ ।
- सञ्चारका नयाँ नयाँ प्रविधिको उपयोग गर्दै सबै होमस्टे सञ्चालकहरूको सामूहिक प्रयासहरूबाट विश्वव्यापी तरङ्ग ल्याउने खालको आकर्षक सञ्चारका साधानको माध्यमवाट जस्तैः इमलेल, भीओआइपी, मोबाइल फोन, भिडियो कन्फेरेन्स आदिको पहुँच बढाएर प्रचार-प्रसारको गतिलाई प्रभावकारी बनाउनु पर्दछ ।
- जनसम्पर्क सञ्चार चेतना तथा लविङ्ग र एड्भोकेसी होमस्टे बजारीकरणका मूल पक्षहरू भएकाले प्रत्येक सञ्चार माध्यममा पहुँच पुर्याएर विभिन्न गन्तव्यमा सञ्चारकर्मीहरूले गर्ने हरेक भ्रमणहरूमा पनि आम जनमानषमा चेतना दिलाउने खालको होमस्टेको चेतना अभिवृद्धि जगाएर होमस्टेको पहिचानलाई रेडियो, देलिभिजन, छापा र अनलाइन सञ्चार माध्यमका सञ्चारकर्मीलाई सही सूचना दिलाएर प्रचार-प्रसार गर्नु पर्दछ । होमस्टेबाट प्रतिनिधिहरू नै तोकेर वा उत्पादित सामग्रीहरूको प्रशिद्धिमार्फत् होमस्टेको प्रचार-प्रसारमा तीव्रता ल्याउन लक्षित समुदाय वा सम्भावित पर्यटकका लागि फोकस गर्नु जरुरी छ ।
- हाल भइरहेको र निकट भविष्यमा हुन गइरहेका कार्यक्रमहरूको प्रचार-प्रसारका लागि सामाजिक सञ्जालहरूका माध्यम जस्तै फेसबुक, इन्टरनेट आदिको प्रयोगलाई तीव्रता दिनु पर्दछ । यसका लागि फेसबुक मार्फत् छिटोभन्दा छिटा सेवाग्राहीहरूम जानकारी र सन्देशहरू पुर्‍याउने र ग्राहकहरूको सुझाव संकलन गर्न माध्यमलाई पनि अवलम्बन गर्नु पर्दछ ।

- हरेक होमस्टेहरूमा आ-आफ्नै मौलिकता रहेका हुनाले त्यस्ता मौलिकताहरू झल्कने खालको ब्रान्डिङ्ग गर्दै अतिथि पर्यटक पाहुनाहरूले नयां उपभोग गर्न पाउने र मनोरञ्जन हुने वस्तुको जानकारी र सूचनाले होमस्टेको आकर्षण बढाउन सजिलो र सहज हुन जान्छ ।
- होमस्टेहरूमा भ्रमण गर्ने आन्तरिक पर्यटकहरूमा शैक्षिक भ्रमण गर्ने शिक्षक, विद्यार्थी, गैरसरकारी संस्थाका अभियन्ता र अधिकारकर्मी, व्यापार र व्यवसायमा सम्लग्न व्यक्तिहरूलाई हात लिएर उनीहरूको रुचिअनुसारको तालिम, गोष्ठी, आयोजना गर्ने स्थलको रूपमा होमस्टेको सामुदायिक भवनलाई उपयोगमा ल्याउन सकनु पर्दछ ।
- होमस्टेका ती सामुदायिक भवन पनि प्रचार-प्रसारको माध्यम बन्न सक्छन । त्यस्ता भवन र हललाई पनि प्रचारको सामग्री बनाउनमा ध्यान दिन ।
- केन्द्रीय वा प्रदेश सरकारस समन्वय र सम्मित कायम गई तल्लो तहदेखि माथिल्लो तहसम्म, माथिल्लो तहदेखि तल्लो तहसम्म सूचना आदान-प्रदान गर्ने प्रणालीको व्यवस्था गर्नु पर्दछ ।
- होमस्टे व्यवस्थापनमा सामूहिक आर्थिक कोषको व्यस्थापन गर्दै उक्त कोषलाई प्रभावकारी बनाउन सरकारी तथा निजी दुवै क्षेत्रहरूलाई सजग र सक्रिय तुल्याउनु पर्दछ ।
- बेलायती राजकुमार ह्यारी डल्लमा पुगेर होमस्टेमा वस्न रुचाएकै देश तथा विदेशमा नाम कहलिएका व्यक्तित्वहरूलाई होमस्टेमा ल्याएर बसाउने व्यवस्था मिलाउनेजस्ता बातावरणको खोजी गर्नु पर्दछ । .
- होमस्टेको विस्तृतीकरणमा सघाउने विषयका संघसस्थाहरू जस्तै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थल, पर्यटन मन्त्रालय, स्वास्थ्य तथा वातावरण मन्त्रालय, पर्यटन बोर्ड र पर्यटनसँग सम्बद्ध संघसस्था आदिसँग समन्वय गरी वजारीकरणका आधारहरू प्रवल रूपमा योजना जोडर पासका लागि ती संघसस्थाहरूले प्रकाशित गर्ने पत्रपत्रिका, बोसर, बुकलेटमा समेत समेरी होमस्टेको पहिचान, प्रचार-प्रसारका विषयवस्तुहरू उल्लेख गर्न लगाउने प्रवन्धसमेत सिलाउनु पर्दछ । (पुरी, २०७३ : १८०)

उपरोक्त कुराहरूको अभावलाई पूरा गर्न सिकेमा होमस्टे व्यवस्थापनकी स्थायित्व र दिगो विकास गर्न सकिन्छ । नेपालका ग्रामीण क्षेत्रमा मुश्किल र बाध्यात्मक परिस्थिती जरदे जीविकोपार्जन गरिरहेका बासिन्दाहरूको जीवनस्तरलाई माथि उठाउनका लागि आर्थिक अभिवृद्धिका आधारहरूको खोजी गर्ने क्रममा होमस्टेको कार्यक्रम पस्कनु राष्ट्रको दायित्व सिर्जना भएको छ । नयाँ आर्थिक समृद्धिको बाटो पहिल्याउने क्रममा साँच्चिकै होमस्टेलाई हृदयदेखि नै स्वीकार गर्नु जरुरी देखिएको छ । ग्रामीण क्षेत्रका बासिन्दाहरूले विकास र समृद्धिको आभाष यही होमस्टेको व्यवस्थापनबाट पाउन सक्छन् । आज पनि सीमान्तकृत नागरिकको हैशियतमा जीवन गुजारेका ग्रामीण आम नागरिकहरू तथा पीछडिएका विभिन्न जाति र वर्गका समुदायहरूको जीविकोपार्जनको एक मात्र द्रबिलो आयआर्जनको स्रोत यही होमस्टे व्यवसाय बन्न पुगेको छ । यसका लागि नेपालका केन्द्रीय, प्रदेश र स्थानीय सरकारबीच समन्वय भइ उचित कार्यनीतिको तर्जुमा भएमा नेपालका पूरै गाउँगाउँमा होमस्टे व्यवसायको थालनी गरेर यसैको माध्यमबाट निरपेक्ष गरिबीको रेखामुनि परेका नागरिकहरूको भविष्य समुज्वल पार्न सकिन्छ ।

## नेपालमा होमस्टे सञ्चालनको कानूनी कार्यविधि-२०६७

नेपालमा होमस्टे सञ्चालन कार्यविधि २०६७ को औपचारिक घोषणा गरिएको छ । नेपाल सरकारले वि.सं. २०६७ श्रावण ०३ गते औपचारिक रूपमा घोषणा जारी गरेर दीर्घकालीन रूपमा लागू गर्ने स्वीकृति दिएको हो । यस कार्यविधिको प्रस्तावनामा उल्लेख गरिएको छ कि, ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामीण पर्यटन पूर्वाधारको दिगो विकास गर्ने ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मधेसी, आदिबासी जनजाति र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने

लाभलाई समुदायको पहुँचभित्र ल्याउने सरचनाको निर्माण र विकास गर्ने पर्यटन नीति २०६५ अनुसार नेपालका ग्रामीण भेगमा तथा सहरी समेत होमस्टेको माध्यमबाट पर्यटनको विकास, प्रवर्द्धन, व्यवस्थापन र नियमन गर्न होमस्टे कार्यविधि जारी गर्न आवश्यक भएकाले नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले देहाय बमोजिमको होमस्टे सञ्चालन कार्यविधि, २०६७ बनाइ जारी गरेको छ ।

**(क) होमस्टे सञ्चालनका प्रमुख उद्देश्यहरू**

- नेपालका ग्रामीण समुदायमा पर्यटन क्षेत्रको प्रतिफल पुन्याउन होमस्टे सञ्चालन गर्ने ।
- होमस्टे सञ्चालन गरी पर्यटन सेवामा ग्रामीण क्षेत्रका जनतालाई सहभागी गराउने ।
- ग्रामीण क्षेत्रमा होमस्टे सञ्चालन गरेर समुदायको आयस्रोत वृद्धि गर्दै जीवनस्तर उकास्ने ।
- स्थानीय स्तरमा होमस्टेको माध्यमबाट स्वरोजगार सिर्जना गरी विकासका माध्यमहरूको उपयोग गर्ने ।
- पर्यटकहरूलाई ग्रामीण जनजीवनका साथै संस्कृक्तिका बारेमा जानकारी गराउन होमस्टे सञ्चालन गर्ने ।
- पर्यटकहरूलाई होमस्टे आवासको सुविधाका साथै स्थानीय रीतिरिवाज, कला संस्कृक्ति र रहन-सहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने ।
- पर्यटकहरूलाई सहरी क्षेत्रमा सहज र सरल वातावरणमा बसोवासको व्यवस्था गर्ने ।

**ख) होमस्टेको वर्गीकरण**

- कम्तिमा पनि ५ वटा ग्रामीण क्षेत्रका धरधनी मिलेर सामूहिक व्यवस्थापन गरी सञ्चालन गरिएका होमस्टहरू सामुदायिक ग्रासीण होमस्टेहरू हुन् ।
- निजी स्तरमा व्यक्ति विशेषले ग्रामीण र सहरी दुवै क्षेत्रमा एकल रूपमा लगानी गरेर सञ्चालन गरिएका होमस्टेहरू निजी होमस्टे हुन् ।

**(ग) होमस्टेका लागि पर्यटकीय क्रियाकलापहरू**

- सांस्कृक्तिक कार्यक्रमअन्तर्गत नाटक, नृत्य, परम्परागत तथा आधुनिक खेल, जंगल ट्रेक र दृश्यावलोकन गर्ने ।
- जातीय तथा स्थानीय नाचगान र झाँकीसहित फूलमालाका साथ पर्यटकहरूको स्वागत गर्ने ।
- सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्पराका संस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरूको प्रस्तुति मेला, जात्राका गतिविधिहरूको आयोजना गरी पर्यटकहरू तथा आयोजकहरूलाई सहभागी गर्ने गराउने ।
- सांस्कृक्तिक सम्पदा, जातीय संग्रहालय, घरेलु तथा हस्तकला सामग्री उत्पादन केन्द्रस्थल, दृश्यावलोकन, जगल, बन्यजन्तु तथा चरा अवलोकन स्थलको निर्माण र व्यवस्थापन गरी पर्यटकहरूलाई मनोरञ्जन दिने ।
- पर्यटक तथा स्थानीय जनताबीच स्थानीय कृषि घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराएर परम्परागत तथा आधुनिक जीवनशैली र कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान-प्रदान गर्ने गराउने ।
- स्वदेशी तथा विदेशी पर्यटकहरूलाई विदाइ गर्दा स्थानीय संस्कृति झल्कने खालको मायाको चिनोसहित फूलमाला पहिराइदिएर आत्मीयता दर्शाउँदै अंकमाल गरेर विदाइ गरिदिने ।

- होमस्टेमा कार्यान्वयन गरिएका क्रियाकलाप एवं गतिविधिहरूको अनुकरण गरी कार्यान्वय प्रक्रियामा जाने ।

**होमस्टे दर्ताका लागि सामान्य प्रक्रिया**

- होमस्टे सञ्चालन गर्न चाहने व्यक्तिले सर्वप्रथम निजी वा सामुदायिक के-कस्तो होमस्टे सञ्चालन गर्ने हो, त्यसको विवरण खुलाइ निवेदन तयार गरी सम्बन्धित वडा, गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाको सिफारिससहित पर्यटन मन्त्रालयको महाशाखामा परियोजनासहित निवेदन पेस गर्ने ।
- सामुदायिक होमस्टेको हकमा कम्तिमा ५ जना घरधनीले आ-आफ्नो घरमा सामूहिक रूपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता तथा निजी होमस्टेको लागि व्यक्तिगत तवरको सम्बन्धित निकायको सिफारिस कागजात पेस गर्ने ।
- होमस्टे सञ्चालकहरूको नागरिकता प्रमाण-पत्रको प्रतिलिपिसहित जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि, नक्सा पास भएको प्रमाण आदि कागजात पेस गर्नु पर्ने ।
- होमस्टे सञ्चालन गर्न चाहने व्यवसायीहरूको रीतपूर्वक परेको निवेदनमाथि महाशाखा वा सम्बन्धित सरोकारवाला कार्यालयले आफ्नो संयोजकत्वमा नेपाल पर्यटन बोर्ड, सम्बन्धित गा.पा. न.पा. स्थानीय निकाय र स्वास्थ्यकर्मीसमेतको प्रतिनिधिले निरीक्षण गरेर मापदण्ड पूरा भए नभएको निरीक्षण गरी महाशाखा वा सम्बन्धित कार्यालयमा प्रतिवेदन दिनु पर्ने ।
- होमस्टेको लागि मापदण्ड पूरा भएको प्रतिवेदनमाथि महाशाखा वा सम्बन्धित कार्यालयले प्रत्येक होमस्टे सञ्चालकलाई एकाइको रूपमा दर्ता गरी हेमस्टे दर्ता प्रमाण-पत्र उपलब्ध गराउनु पर्ने ।
- होमस्टेको मापदण्ड पूरा नभएको हकमा आवश्यक सुधार गर्ने समय दिएर पुनः स्थलगत निरीक्षण गरी गराइ आवश्यक प्रक्रिया पूरा गर्नमा सहयोग पुर्‍याइदिने ।

**(ङ) होमस्टे व्यवस्थापन समितिको निर्माण प्रक्रिया**

- निजी होमस्टेको अतिरिक्त सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने सञ्चालकहरूले होमस्टे खोल्न इच्छुक सहभागीहरूको एउटा साधारण भेला बोलाएर मेलाको आमसहमतिबाट देहायबमोजिमको होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति गठन गर्नु पर्नेछ, त्यसमा देहाय बमोजिमको समिति गठन गर्नु पर्नेछ ।
- उपस्थित समुदायका सदस्यहरूमध्येबाट एकजना अध्यक्ष, एकजना उपाध्यक्ष, एकजना कोषाध्यक्ष एकजना महिला सदस्य र एकजना सदस्यसचिव गरी न्यूनतम ५ जनाको समिति गठन गर्नु पर्नेछ । होमस्टे व्यवस्थापन तथा सञ्चलक समितिमा सहभागी हुने घरसंख्याको आधारमा समावेशी हुने गरी अवस्था हेरेर थप सदस्यहरूको चयन गर्न सकिनेछ ।

**होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

- पर्यटकहरूले पालना गर्नुपर्ने आचारसहिता र पर्यटकीय क्रियाकलापहरूको बारेमा जानकारी गराउने ।
- पर्यटक पाहुनाहरूलाई आवासको व्यवस्था मिलाउँदै आगन्तुक पर्यटकहरूको प्रवेशमा आकर्षक स्वागत गर्ने ।
- पर्यटक पाहुनाहरूको होमस्टे प्रवेशलाई दतां पक्रियाको प्रवन्ध मिलाउने ।

- स्थानीय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गरी भ्रमण प्याकेजहरूको निर्माण र प्रचार गर्ने । साँस्कृतिक कार्यक्रमहरूको प्रदर्शन र व्यवस्थापन गर्दै होमस्टेको साइनेज र लोकेसन म्याप तयार गर्ने ।
- हरेक होमस्टेहरूको नियमित अनुगमन र आयव्ययको श्रेस्ता दुरुस्त गर्ने ।
- पर्यटकहरूको स्वास्थ्योपचार र आकस्मिक सेवाहरूको व्यवस्थापन तथा समन्वय गर्ने ।
- पर्यटक आवासगृहमा सेवाको मूल्य तथा सुविधाको मूल्य निर्धारण तालिका चार्ट देखाइ एकरूपता कायम गर्ने । प्रत्येक आ.व. को कार्य समाप्तिपछि ३५ दिनभित्र पर्यटक सख्या, प्रमुख क्रियाकलाप, आय तथा व्यायको लेखा प्रतिवेदन तयार गरी महाशाखा वा सम्बन्धित कार्यालयमा पेस गर्ने । पर्यटकहरूले देख्ने गरी सूचना पाटी राखेर सेवा सुविधा तथा भ्रमण प्याकेज कार्यक्रमहरूबारे जानकारी दिने ।
- होमस्टे विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरू सम्पन्न गर्ने ।
- जिल्लास्थित होमस्टे समन्वय समिति र केन्द्रमा रहेको पर्यटन मन्त्रालयसँग नियमित सम्पर्क र सञ्चार गर्ने ।

### (छ) जिल्ला होमस्टे समन्वय समितिको गठन तथा काम, कर्तव्य र अधिकार

नेपालका हरेक जिल्लामा जिल्ला विकास समितिअन्तर्गत रहने गरी सम्बन्धित जिल्ला विकास समितिको पर्यटन हेर्ने सदस्यको संयोजकत्वमा पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, सञ्चार, सुरक्षा, खानेपानी, विद्युत् कार्यालयका प्रतिनिधि सदस्य रहनेगरी जिल्ला होमस्टे समन्वय समिति गर्न सकिनेछ । त्यस्तो जिल्ला स्तरीय समन्वय समितिको नेतृत्वमा सबै जिल्लाभित्रका गा.पा. न.पा. उ.म.न.पा. र म.न.पा. भित्रका होमस्टेहरूको वीचमा पारस्पारिक सहयोग, मित्रता र भावनाको आदान-प्रदान गर्ने । जिल्ला होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ -

- जिल्लास्थित होमस्टे व्यवस्थापन समितिहरूकाबीच समन्वय र सहजीकरण गर्दै आवश्यक सहयोगको आदान-प्रदान गर्ने वातावरण तयार गर्ने ।
- पूर्वाधार विकास र क्षमताअभिवृद्धिसम्बन्धी जनचेतना जगाउदै सम्भाव्य पर्यटकीय सम्पदाको विवरण तयार गर्ने ।
- पर्यटकहरूलाई स्वास्थ्यसम्बन्धी जनचेतना जगाइ आकस्मिक स्वास्थ्यसम्बन्धी सहयोग र समन्वय कायम गर्ने ।
- होमस्टेस्थलको लागि बाटो पदयात्रामार्ग, भ्यूटावर, खानेपानी, स्वास्थ्य चौकीजस्ता स-साना पूर्वाधारहरू तयार गर्न सम्बन्धित स्थानीय निकायलाई सहयोग गर्ने ।

### (ज) होमस्टे व्यवस्थापनमा भएका केही कार्यहरू

ग्रामीण होमस्टे व्यवस्थापन तथा सञ्चालनका लागि विविध विषयका विविध कुराहरूको जरुरत पर्दछ । होमस्टे व्यवस्थापनको अनुगमन र निरीक्षणसम्बन्धी व्यवस्था भएन भने यस व्यवसायमा नकरात्मक कुराहरूले प्रवेश गर्न सक्छन् । त्यसको परिपूर्ति गर्नका लागि नियमित रूपमा अनुगमन, जांच र छानविनको व्यवस्था गरिनु पर्दछ । होमस्टे अनुगमन र निरीक्षणका लागि निम्न व्यवस्था गर्न सकिन्छ :

- होमस्टेमा आवश्यकतानुसार पर्यटन मन्त्रालय वा सम्वन्धित कार्यालयले बेला-बेलामा होमस्टे व्यवस्थापन होमस्टे एकाइको अनुगमनमा निरीक्षण गरिरहनु पर्दछ ।

- समितिका कार्यहरूमा र हरेक होमस्टेको निरीक्षणको क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने प्रत्येक होमस्टेलाई सजाय स्वरूपको नैशियतको दिएर मापदण्ड पूरा गर्न लगाउनु पर्ने हुन्छ ।
- व्यवस्था गरी म्याद सरोकारवाला संस्थाले दिएको म्यादभित्र पनि मापदण्ड पूरा गर्न नसकेका होमस्टेहरूलाई महाशाखा वा सम्बन्धित कार्यालयले निलम्बन वा खारेज गर्न सक्ने व्यवस्था गर्नु पर्दछ ।
- जुन जुन निजी होमस्टेहरू जहां जहाँबाट दर्ता भएका छन् त्यहींबाट समयावधि पूरा भएपछि नवीकरण गरिनु पर्दछ र नवीकरणको लागि आवश्यक सलग्न कागजातहरू निवेदनसाट टिकट टाँसेर पेस गरिएपछि सम्बन्धित निकायले हरेक ५/५ वर्षमा होमस्टे नवीकरण गरिदिनु पर्दछ ।
- होमस्टे नवीकरण गर्ने निकायले हरेक ५/५ वर्षको आय-व्याय विवरण तथा लेखा परीक्षण प्रतिवेदनसहित होमस्टेले प्रदान गरेका संत्रा तथा पर्यटकहरूको लागत विवरण संख्या आदि बुलाइएका प्रगति विवरणसमेत लिने व्यवस्थालाई प्रभावकारी ढङ्गले अगाडि वढाउनु पर्दछ ।
- सामुदायिक होमस्टेहरूो हकमा पनि होमस्टे व्यवस्थापन वा सञ्चालक समितिको प्रतिवेदन हेरी जांची बुझी ठीक ठहन्याएर आवश्यक जांचबुझका साथ होमस्टेसम्वन्धी सबै विवरणहरू खुल्ने वैज्ञानिक फर्केटको तयारी गरी विवरण उत्तार गर्न लगाउनु पर्दछ । सवै निजी र सबै सामुदायिक होमस्टेहरूमा एकरूपता कायम गर्नु पर्दछ ।
- होमस्टेको प्रचार-प्रसारका लागि होमस्टेको होर्डिङ्ग बोड र साइन बोर्ड, बोसर र पोष्टर तथा सिडीजस्ता सामग्रीहरूको उत्पादनसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरूलाई परिचयात्मक भ्रमण तथा भ्रमण प्याकेजको निर्माण तथा बिक्री प्रवर्द्धनजस्ता कामकारवाहीहरूलाई नियमित रूपमा अगाडि बढाउनु पर्दछ ।
- होमस्टेको बजारीकरणका लागि बजारीकरणसम्बन्धी रणनीतिको तयारी गरी बजारसम्बन्धी क्रियाकलापहरू नेपाल पर्यटन बोर्ड र तारा गाउँ विकास समितिले निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ एजेन्सीसँग सहकार्य गरी होमस्टेको बजारीकरण गर्नमा उपयुक्त मार्गनिर्देश गरिदिनु पर्दछ ।

उपरोक्त कुराहरूको अतिरिक्त बदलिंदो विश्व परिवर्तनको संघारमा आएर विज्ञानको चमात्कारपूर्ण आविष्कारले ल्याएको नवीनतम् प्रविधिमा विशेष ध्यान दिएर मानपयोगी वस्तुहरूको उपभोग र उपयोगमा नयाँ नयाँ प्रविधिहरूको प्रयोग गरी होमस्टे मार्फत नयाँ नयाँ सेवा सुविधाहरू उपलब्ध गर्न र गराउन सक्नु पर्दछ । होमस्टेसम्बन्धी नयाँ नयाँ कानुनको तर्जुमा गरी सबै निजी र सामुदायिक होमस्टेको विकास हुने गरी नीति नियमहरूको तर्जुमा गरिनु पर्दछ । होमस्टे व्यवसायीहरू आफ्नो व्यवसायमा खुशी भएर होमस्टेको माध्यमबाट आर्यआर्जन गर्न सकेर दिगो व्यवस्थापनतर्फ अग्रसर हुने खालका नीति नियमहरूको कार्यान्वयन गरिनु पर्दछ । भर्खर मौलाउँदै अगाडि बढेको होमस्टे व्यवस्थापन कार्यमा कुनै पनि व्यवसायीहरू हतोत्साही भएर व्यवसाय परित्याग नगरुन् र उनीहरूलाई सम्बन्धित निकायले उत्प्रेरित भएर आफ्नो व्यवसाय सञ्चालन गर्नसक्ने वातावरणको व्यवस्था मिलाइदिनु पर्दछ ।

यसै सन्दर्भमा राष्ट्रिय पर्यटन रणनीतिक योजनाले दीर्घकालीन १० वर्षे, अल्पकालीन ५ वर्षे, सोंच, लक्ष्य र उद्देश्यहरू तयार गरी कार्यक्रमहरू कार्ययोजनामा राखेको देखिएको छ । नेपालको पर्यटन विकासको क्रममा रेकर्डेड पाण्डुलिपिहरू प्रथम पञ्च पांजना पर्यटन गुरुयोजना-२०७२, पर्यटन ऐन- १९७८, पर्यटन नीति-१९९५, नेपालका विगतका १४ वटा पञ्चवर्षिय तथा त्रिवर्षिय योजनाहरूमा पनि पर्यटनको लागि केही व्यवस्था भएको र गरेको पाइन्छ । नेपालको पर्यटन विकासमा भारतीय हिन्दू तीर्थयात्री, श्रीलका र प्रशान्त क्षेत्रीय चौद्धमार्गी चीनका साहसी पर्यटकहरूलाई गुणस्तरीय सेवा दिन सकेको खण्डमा अकूत धन आर्जन गर्न सकिने सम्भावना रहेको छ । हामीसंग कमी भएको पर्यटकीय शिक्षा र दीक्षालाई व्यावहारिक योजना, रणनीति

र कार्यक्रमको अभावलाई व्यवस्थापन गर्न सकेको खण्डमा पर्यटनको क्षेत्रले काफी विकास गर्न सक्ने सम्भावना रहेको देखिन्छ

नेपालका पर्यटन अधिकारीहरूले गम्भीरतापूर्वक ध्यान दिन सकिरहेका छैनन् । भ्रमणमा नयाँ नयाँ गन्तव्यहरू, रिसोर्टहरू थपिए पनि पर्यटकहरूको बसाइ लम्बिन सकेको छैन । प्रकृतिका विविध सुन्दर पक्ष बाहेक मानव निर्मित आकर्षणका गन्तव्यहरू थपिएका छैनन् । पर्यटकहरूको सेवा सुविधाहरूको सन्दर्भमा ध्यान दिइएको छैन । रारा, खप्तड, सगरमाथा बेसक्याम्प, अन्नपूर्ण बेसक्याम्प, लुम्बिनी, बर्दिया निकुञ्ज क्षेत्र, पोखराको सराङ्कोट, उचाइमा रहेका तालहरूको आकर्षण र सेवा सुविधाहरू थप्न जरुरी भएको छ । नेपालको आर्थिक उत्थानको निमित्त पर्यटकीय गन्तव्यस्थलहरूले भूमिका खेल्न सक्ने स्थिति हुँदाहुँदै पनि सरकारले त्यसको उपयोग गर्न सकेको छैन । खाली पर्यटकहरू आउँछन्, फोटो खिच्छन् र गइहाल्छन् । बसाइ छोटिदै जानु आकर्षणमा कमी आउनु हो भन्ने कुरालाई खै नेपाल सरकारले बुझ्न सकेको ? । बाटो तथा यातायातका साधनहरूको पूर्वाधारको अभाव, पर्यटनसम्बन्धी नीति हुनु तर कार्यान्वयन नहुनु, पर्यटकहरूको सुरक्षामा कमी हुनु, ठोस पर्यटनको योजनाको अभाव, वैज्ञानिक पर्यटन व्यवसाय भन्ने कुरा नारामा मात्र सीमित गराइनु र होटल, रेष्टुरेन्ट, दुर हचुवाको भरमा चलाउनु तथा दक्ष जनशक्तिको अभाव हुनुले पर्यटन व्यवसाय फस्टाउन सकेको छैन ।

२०१७ मा नौ लाख चालीस हजार पुगे पनि दुई तिहाइ पर्यटक मनोरञ्जन गर्न, बिदा मनाउन र तीर्थयात्राका लागि आएका थिए । आजभन्दा १० वर्ष अगाडिको पर्यटक आगमन संख्या पाँच लाख भए पनि लक्ष्य दश लाख राखिएको थियो तर लक्ष्य पूरा हुन सकेन । संस्कृक्ति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा ०७६/०३/२८ गतेको शनिवार प्रकाशित नेपाल टुरिज्म स्टाटिस्टिक्स्-२०१८ अनुसार, सन् २०१८ को वर्षसम्म पर्यटन क्षेत्रबाट मात्र नेपाल राष्ट्रलाई ६९ अर्व ७५ करोड ५८ लाख आम्दानी भएको तथ्याडको खुलासा भएको छ । यो आम्दानीको रकम अघिल्लो वर्षको तुलनामा १७५ ने बढी हो । सन् २०१७ मा पर्यटन क्षेत्रबाट कुल ५८ अर्व ५२ करोड ६९ लाख आम्दानी भएको थियो । यो गत वर्षको आम्दानी पनि अघिल्लो वर्षको तुलनामा (सन २०१५/१५० ४०% ले बढी हो । यो रकम ४१ अर्व ७६ करोड ५ लाख पुगेको थियो । सन् २०१८ को वर्ष नेपालमा पर्यटकहरूको बसाइ अर्वाध औषत १२४ दिन पर्न आएको छ । त्यति दिनभित्र पर्यटकको खर्च रकम प्रति दिन ४४ डलर देखिएको छ । सन् २०१७ को वर्ष पर्यटकको बसाइ अवधि घटेको देखिएको छ । त्यतिवेला बसाइ अवधि १२.६% मात्र छ । सन् २०१८ मा ११ लाख ७३ हजार ७२ पर्यटकहरू नेपाल आए । यो सख्या अघिल्लो वर्षको तुलनामा २४७७% ले बढी हो । सन २०१७ मा ९ लाख ४० हजार २ सय १८ विदेशी पर्यटकले नेपालको भ्रमण अवलोकन गरे ।

सन् २०१८ मा आएका पर्यटकहरूमध्ये ७ लाख ३ हजार ८ सय ४३ जना विदा मनाउन र १ लाख ८७ हजार ६ सय ९२ जनाचाहिं धार्मिक उद्देश्यका लागि भित्रिएका थिए । साहसिक पर्यटनको रोजाइमा पनि नेपाल परेको पाइएको छ । हिमाल आरोहण, नदीको व्याफ्टिङ, क्यानोनिङ् कृम्पिक पहाड, चट्टान, आदिको ट्रेकिङ गर्ने स्थानका लागि पनि विदेशीहरूले नेपाललाई रोजेका छन । (कार्की, २०७६ : १४) तथ्यअनुसार नेपालको ग्रामीण क्षेत्रमा पर्यटन व्यवसाय मौलाउदै आएको छ । यस क्षेत्रमा होमट पर्यटनले फड्को मार्दै अगाडि बढेको दृष्टिगोचर हुन आएको छ । नेपाल सरकारले यदि आफ्नो अर्थतन्त्रलाई मजबुत बनाउने हो भने युवा जनशक्तिलाई ग्रामीण विकासमा परिचालन गराएर होमस्टे पर्यटनको क्षेत्रलाई आधुनिकीकरण गर्दै जानुपर्दछ र विदेशी पर्यटकहरूको संख्या बढी भन्दा बढी आगमन गराएर उनीहरूको बसाइ अवधिमा वृद्धि गराएर विदेशी मुद्रा आर्जन गर्न सक्नुपर्दछ । नयाँ नेपालको भविष्य यही ग्रामीण पर्यटनमा रहेकोमा सरकार ग्रामीण क्षेत्रबाट युवाहरू विदेश पलायन भएको हेरेको हेर्‍यै छ । युवाशक्तिलाई रोक्ने प्रयासतर्फ सरकारको ध्यान नजानु र राष्ट्रियताप्रति सरकार उदाशीन हुनु सरकारकै बेइमानी ठहरिन आएको देखिएको छ ।

पर्वतारोहण र पदयात्रा क्रियाकलापमा सन् २०१० देखि २०१४ सालसम्म नेपाल आएका पर्यटकहरूको कुल संख्या ४६०६७९ रहेको अवस्थामा पर्यटन व्यवसाय सञ्चालनबाट प्राप्त विदेशी मुद्राको आम्दानी ४६०६७९ अमेरिकी डलर देखिन आएको छ । यो रकमलाई ५ वर्षको औषमा परिणत गर्दा ९२१३५, ०८ अमेरिकी डलर पर्न आएको छ । यसलाई ५ वर्षको कुल विदेशी मुद्रा आर्जनको अवस्थालाई प्रति दिन प्रति पर्यटकको नेपाल बसाइ खर्चको अनुपातसँग तुलना गरी विश्लेषण गर्दा राम्रै आम्दानी मान्नु पर्दछ । पर्वतारोहण र पदयात्रा सञ्चालन गर्ने १७०० ट्रेकिङ कम्पनीवाट राज्यलाई प्राप्त भएको व्यावसायिक करको स्थिति यस प्रकार रहेको छ :

## आन्तरिक भ्रमण तथा नागरिक उड्डयन

नेपालका ७ प्रदेश र ७७ जिल्लाहरूमध्ये ५३ जिल्लाहरूमा होमस्टेको स्थापना भएको पाइन्छ । बाँकी २४ जिल्लाहरूमा होमस्टे स्थापना हुन सकेको छैन तर सबै जिल्लावासीहरू होमस्टे स्थापनाको लागि तयार भएका छन् । वर्तमान नेपालमा होमस्टेको संख्या ४६८ पुगेको छ । काठमाडौ, कास्की र लमजुङ जिल्लाहरू सबैभन्दा बढी होमस्टे सञ्चालनमा रहेका जिल्लाहरू हुन् । मुलुकभरि धमाधम होमस्टे दर्ता र सञ्चालन हुने क्रम जारी छ ।

## निष्कर्ष :

पर्यटन क्षेत्रको नयाँ गन्तव्यको रूपमा विश्व समुदायले मानेको होमस्टे व्यवसाय नेपालजस्तो ग्रामीण समुदायले भरिपूर्ण राष्ट्रको लागि बरदानसिद्ध भएको छ । वैदेशिक रोजगारीको निम्ति वर्षेनी ५ लाखभन्दा बढी युवा-युवतीहरू विदेशिने गरेको वर्तमान स्थितिमा रोजगारविहीन जनशक्तिलाई होमस्टे पर्यटनको माध्यमबाट आफ्नै घरको रोजगारमा सम्लग्न गराएर आकर्षण गर्नु आजको आवश्यकता हो । भौतिक पूर्वाधारको विकास तथा प्राकृतिक स्रोत, साधन र संस्कृतिको संरक्षणको अभावका कारण होमस्टे सञ्चालनमा चुनौती देखिएको छ । संविधानतः स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको स्पष्ट होमस्टेसम्बन्धी नीतिको अभाव भएका कारण यस व्यवसायमा नीतिगत चुनौती देखापरेको छ । तसर्थ सम्वन्धित वडा पालिका, प्रदेश र संघ चारवटै निकायको निश्चित नीति नियम तयार भई सामूहिक उत्तरदायित्व वहन हुन सकेमा होमस्टेको भविष्य सुनिश्चित देखिन्छ । यसका लागि स्थानीय, प्रदेश र केन्द्रीय सरकारले स्थानीय उत्पादनको उपयोग, आर्थिक पारदर्शिता र सामाजिक मर्यादा कायम गराउन सक्ने हो भने यो व्यवसाय राम्रोसँग फष्टाउन सक्ने प्रवल सम्भावना देखिएको छ ।

होमस्टे व्यवसायमा सञ्चालनबाट प्रत्यक्ष र अप्रत्यक्ष रोजगार प्राप्त भएको छ । यस व्यवसायमा धेरै युवा जनक्ति सम्लग्न हुन सकेमा युवाहरू विदेशिने क्रम घटन सक्दछ । नेपालका अधिकांश ग्रामीण क्षेत्रहरूमा होमस्टे पर्यटन व्यवसाय खोलेर आय आर्जन तथा रोजगारीका अवसरहरू प्राप्त गर्नुपर्ने कुराहरूमा सरकारी तथा गैह्रसरकारी संघसस्थाहरूबाट विभिन्न किसिमको तालिम, सेमीनार, गोष्ठी सञ्चालन गरेर स्थानीय समुदायलाई जागृत तुल्याउनु आजको ग्रामीण पर्यटनको प्रमुख दायित्व रहन गएको छ । यो ग्रामीण होमस्टेको व्यवसायलाई नेपालको आर्थिक मेरुदण्डको रूपमा लिन सकिन्छ । प्राक्तिक, धार्मिक र सास्कृतिक दृष्टिले नेपाल विश्वकै महत्त्वपूर्ण पर्यटकीय गन्तव्यको मुलुक भएकाले यो मुलुकको पर्यटन क्षेत्र अत्यन्त उर्वर छ । ग्रामीण पर्यटन उद्योगअन्तर्गत होमस्टे व्यवसायमा सरकारी, सामुदायिक र निजी तीनै क्षेत्र र पक्षको सहयोग र सहकार्य हुने हो भने यो व्यवसाय आर्थिक मेरुदण्डको प्रवल खम्वा वन्न सक्तछ र यसले विदेशी मुद्रासमेत अप्रत्याशित रूपमा आर्जन गर्न सक्तछ ।

## सन्दर्भ सामग्रीहरू

**पुस्तकहरू :**

अधिकारी, बमबहादुर, (वि.सं.२०७६), *पर्यटन र विकासको इतिहास,* काठमाडौं : डिकुरा पब्लिकेसन ।

---, (वि.सं.२०७३), *लमजुङको पर्यटनको इतिहास,* काठमाडौं : हाम्रो नवोदित पुस्तक भण्डार ।

---, (वि.सं.२०७४), *नवलपरासी जिल्लाको इतिहास र पर्यटनको झलक,* काठमाडौं : स्वदेश प्रकाशन प्रा.लि. ।

--- , (वि.सं.२०७४), *मनाङको इतिहास र पर्यटनको रूपरेखा,* काठमाडौं : स्वदेश प्रकाशन प्रा.लि. ।

केन्द्रीय पर्यटन प्रवर्द्धन विभाग, (२०७५), *नेपालमा पर्यटन विकास र समृद्धिको आधार,* काठमाडौं : केप.प्र.वि. एमाले ।

पुरी, उद्धव, (वि.सं.२०७३), *पर्यटन, विकास र नेपाल* काठमाडौँ : तलेजु प्रकाशन, परिमार्जित संस्करण ।

भट्टराई, ज्ञानेश्वर, (वि.सं.२०७५), *बृहत् ज्ञानकोश सामान्य ज्ञान र सामाजिक अध्ययन,* काठमाडौं : आशिष बुक हाउस प्रा.लि. ।

**जर्नल र पत्रपत्रिकाहरू :**

कार्की, चन्द्र "पर्यटकीय गन्तव्य बन्दै 'ह्यातुङ झरना" कान्तिपुर दैनिक वर्ष २७ अक १५१. मिति २०७६ साल श्रावण २१ गते. पृष्ठ १४ ।

पंगेनी, भवेश्वर "नेपालमा 'होमस्टे' (घरबास) पर्यटन ऐतिहासिक परिचय, सञ्चालन र चुनौती" हिसान-जर्नल अफ हिस्ट्री एशोसियसन अफ नेपाल । नं. १ भोलुम ५. २०७६ वि.सं. पृष्ठ १४२-१५६ ।

वि.क., उमल बहादुर घलेगाउँ कार्यपत्र २०७६ पृष्ठ १-१२ । उनी व्यवस्थापन समिति, ग्रामीण पर्यटन घलेगाउँका सचिव छन् ।

लमजुङ जिल्लाको सदरमुकाम वेसीशहरस्थित पर्यटन सहकारी संस्था लि. ले वि.सं. २०७३ सालमा प्रकाशित गरेको बुलेटिनको आधार ।

नेपाल इतिहास संघको राष्ट्रिय गोष्ठीमा सहभागी हुन जाँदा मिति २०७६ साल वैशाख महिना ६ गतेदेखि ९ गतेसम्मको ३ दिवसीय धनकुटाको सांघुरीगढी गा.पा वडा नं. ६. थुम्की-नाम्जेस्थित पर्यटकीय होमस्टे गाउँको अध्ययन, भ्रमण र अवलोकनका क्रममा गरिएको अध्ययनको आधार ।

नेपाल सरकार, होमस्टे सञ्चालन कार्यविधि २०६७ काठमाडौंः नेपाल पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

पर्यटन बुलेटिन, २०७७ र २०७८ नेपाल सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वागमती प्रदेश तथा प्रदेश सरकार उपत्यका पर्यटन कार्यालय सानो हात्तीवन ललितपुर ।